बौद्ध मासिक

# धर्म चक्षु

वर्ष ८ अंक ७ पूर्णाङ्क ४३



अनागरिका धर्मशीला

# DHARMA CHAKSHU

मूल्य रू. १५/-

# बौद्ध शास्त्र त्रि-पिटक र शाखाहरु

**सुत्तपिटक :**

- १-दीघनिकाय
- २-मज्झिमनिकाय
- ३-संयुक्तनिकाय
- ४-अङ्गुत्तरनिकाय
- ५-खुद्दकनिकाय
  - १) खुद्दकपाठ
  - २) धम्मपद
  - ३) उदान
  - ४) इतिवुत्तक
  - ५) सुत्तनिपात
  - ६) विमानवत्थु
  - ७) पेतवत्थु
  - ८) थेरगाथा
  - ९) थेरीगाथा
  - १०) जातक
  - ११) निद्देस { १-महानिद्देस, २-चुल्लनिद्देस }
  - १२) पटिसम्भिदामग्ग
  - १३) अपदान
  - १४) बुद्धवंस
  - १५) चरियापिटक

**विनयपिटक :**

- १-पाराजिकपालि } सुत्तविभङ्ग
- २-पाचित्तियपालि } सुत्तविभङ्ग
- ३-महावग्गपालि } खन्धक
- ४-चुल्लवग्गवालि } खन्धक
- ५-परिवारपालि

**अभिधम्म :**

- १-धम्मसङ्ग
- २-विभङ्ग
- ३-धातुकथा
- ४-पुग्गलप
- ५-कथावत्थु
- ६-यमक
- ७-पट्ठान

Wondershare PDFelement

बौद्ध मासिक

# धर्म चक्षु

THE DHARMA CHAKSHU Buddhist Monthly – Pokhara, Nepal

धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा फोन: ५२०५१७

वर्ष - ८, अङ्क ७, पूर्णाङ्क - ४३ कार्तिक/मंसिर-२०६२

बुद्ध संवत-२५४९ ने.सं. ११२६ / Nov.: 2005

**प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द,- ५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

**व्यवस्थापक**

अनागारिका कर्मशीला

(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा शाक्य

**सहयोगीहरु**

याम कुमारी गुरुङ्, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक: तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

फोनः- ५२०२४६

**मुद्रण**

हिमालय अफ्सेट प्रेस, नयाँ बजार

फोन नं. ५२०६५१

## विषय सूची

- सम्पादकीय ........ २
- विश्वमा बौद्ध धर्म
  *लोकदर्शन बज्राचार्य* ........ ३
- कसरी हुन्छ आफ्नो धनको विनास
  *भिक्षु संघरक्षित कोविद* ........ ९
- पञ्चशील- नेपाल बौद्ध परियत्तिको महत्वपूर्ण शिक्षा
  *डा. केशवमान शाक्य* ........ ११
- सम्मानयोग्य व्यक्तित्व अनागारिका धर्मशीला
  *सापकोटा बाजे* ........ १५
- धर्मशीला विद्वत वृत्ति प्राप्त भिक्षुणी ज्ञाणवति ........ १७
- विश्व शान्ति स्तूपले स्थानीय जनजीवनमा पारेका......
  *प्रकाश बराल* ........ १९
- हे बुद्ध तिमी कति शुद्ध
  *राम लाल बाटाजू* ........ २१
- The World Peace Pagoda ........ २३
- समाचार ........ २६

नेपालमा जन्मनु भएका शाक्यमुनि भगवान् बुद्ध नेपालका सपुत र राष्ट्रिय विभूति हुनुहुन्छ । आफ्ना राष्ट्रिय विभूतिद्धारा प्रतिपादित धर्म नेपाल र नेपालीको आफ्नै धर्म हो, राष्ट्रिय र मौलिक धर्म हो ।

सम्पादकीय.............................................. ✍

# इतिहासको ऐनामा अनागारिका धर्मशीला

अनागारिका धर्मशीला पोखराका ती थोरै औंलामा गन्न सकिने व्यक्तित्वहरु मध्ये एक हुनुहुन्थ्यो जसले विकास तिर बामे सर्न लागेको पोखराको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो। उहाँले २००७ सालको क्रान्तिमा संपर्क सूत्र समेत भएर पोखराको क्रान्तिमा अग्रणी भूमिका खेल्नु भएको थियो। उहाँ पूर्व उपमंत्री मीनबहादुर गुरुङ्ग, राष्ट्रकवि माधवप्रसाद घिमिरे, सुन्दरप्रसाद मर्सानीहरुका साथ थुनुवामा पनि पर्नु भयो। उहाँले महिलाहरुलाई भान्छा कोठा र घरबाट बाहिर ल्याउन ठूलो प्रयास गर्नुभयो र २००७ सालमा पोखरामा निस्केको पहिलो महिला ऱ्यालीको नेतृत्व गर्नु भयो।

अनागरिका धर्मशीला त्यस पछि अन्य सहयोगीहरुका साथ शैक्षिक, सामाजिक विकास निर्माण तर्फ लाग्नु भयो। शैक्षिक संस्थाहरु स्थापना र त्यसको संचालनमा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनु भयो। त्यस्ता संस्थाहरु स्थापना गर्ने संम्बन्धी कतिपय वैठकहरु बुद्ध विहारमा नै हुने गर्दथ्यो। वैठक आदि वस्ने सार्वजानिक स्थानको अभावमा बुद्ध विहारले त्यो अभाव पूर्ति गरिराखेको थियो।

बुद्धधर्ममा दीक्षित भएको मान्छे शैक्षिक सामाजिक विकासमा लागेको र अरु राजनीतिक क्षेत्रको समेत नेत्तृत्व गरेको सुन्दा आजका धेरैलाई आश्चर्य लाग्न सक्दछ। धार्मिक क्षेत्रका मानिसले राजनीतिक क्षेत्रमा पुगेर नेत्तृत्व पंत्तिमा समेत रहेर काम गर्नु निश्चयनै आश्चर्यको कुरा हो। तर राष्ट्रले महत्वपूर्ण मोड लिने ऐतिहासिक बेलामा धार्मिक व्यक्तिहरुको पनि सहयोग र प्ररणा भए त्यो अझ प्रभावकारी र सशक्त हुन्छ। त्यसले एउटा नयाँ उत्साह र उमङ्ग जगाउँछ। २००७ सालको क्रान्तिले राष्ट्र प्रति केही गर्नु पर्दछ भन्ने भावना ल्याएको थियो।

उहाँले ती क्षेत्रमा योगदान दिनुको तात्पर्य आफ्नो धर्मको क्षेत्रमा केही गर्नु भएन भन्ने होइन। उहाँ पोखरामा थेर वादी बुद्ध शासनका संस्थापक नै हुनुहुन्छ। उहाँले किशोरावस्थामा नै दीक्षित भएर भगवान् बुद्धका उपदेश र ज्ञान गुणका कुराहरु प्रचार गर्नुभयो। बुद्धधर्मको संस्थागत विकास गर्नु भयो। महापरित्राण र बौद्ध सम्मेलन गर्नुभयो। राष्ट्रिय बौद्ध सम्मेलनको अवधारणा ल्याएर नेपालमा नै पहिलो पटक पोखरामा २०२९ सालमा त्यो संम्मेलन संपन्न गर्नुभयो। त्यो संम्मेलनको चर्चा गर्दा अझ के भन्नु उपयुक्त जस्तो लाग्दछ भने उहाँको पहिलो पुण्य स्मृतिमा पोखरामा २०४४ सालमा कार्तिक २५-२८ गते यहाँ महापरित्राण र राष्ट्रिय स्तरको दोश्रो बौद्ध सम्मेलन भएपछि मात्र धर्मोदय सभाले २०४४ पौष १८ देखि २० सम्म काठमाण्डौमा पहिलो राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरेको हो।

उहाँ दूरदृष्टि राख्नु हुन्थ्यो र कुन बेला के काम गर्ने भन्नेमा खूब विचार पुऱ्याउनु हुन्थ्यो। उहाँकै सद्प्रयासको परिणाम ब्राम्हण कूलमा जन्मेका घाचोक निवासी जयलाल लंसाल बुद्धधर्ममा प्रवेश गरी प्रवज्जित हुनुभयो र भिक्षु सुभद नामले प्रख्यात हुनुभयो। पोखराको गौरवका रुपमा रहेको विश्व शान्तिस्तूप निर्माण गर्न / गराउनमा उहाँको ठूलो योगदान रहेको छ। जापानका श्रद्धेय गुरु भिक्षु निचिदात्सु फुजी, भूतपूर्व उपमंत्री मीनबहादुर गुरुङ्ग र उहाँ स्तूपका संस्थापक नै हुनुहुन्छ।

अनागारिका धर्मशीलाले आफ्नो जीवनमा धेरै काम गरेर जानु भयो। उहाँ जानु भएपनि उहाँका स्मृतिहरु यताउता देखिन्छन् र विहार परिवारले उहाँलाई संझन्छन्। त्यसरी संझने काम मध्ये धर्मशीला विद्वत वृत्ति पनि एक हो। अनागारिका कर्मशीलाद्वारा स्थापित यो विद्वत वृत्ति प्रत्येक वर्ष उहाँकै पुण्य तिथिको अवसर पारेर प्रदान गर्ने गरि न्छ। यस पटक यो विद्वत वृत्ति भिक्षुणी ञाणवतीलाई प्रदान गर्ने निर्णय भएको छ। विहारमा कठिन उत्सवको अवसर पारेर यो विद्वत बृत्ति २०६२ कार्तिक २७ गते एक समारोह वीच प्रदान गरिदैछ। यस अवसरमा हामी विद्वत वृत्ति प्राप्त गर्नु हुने भिक्षुणी ञाणवतीलाई हार्दिक शुभकामना दिन चाहन्छौं र श्रद्धेय अनागारिका धर्मशीला गुरुमा प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछौं।

# विश्वमा बौद्ध धर्म

-लोकदर्शन बज्राचार्य

## संक्षिप्त विवरण

### पृष्ठभूमि:

शाक्यमुनि सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभएपछि बोधिज्ञान (बुद्धधर्म) लाई जनमानसको कल्याणार्थ आफूले प्राप्त गरेको अपूर्व (सो भन्दा पहिले कसैले पनि व्यक्त नगरेको) र नूतन (Original) प्रज्ञा-ज्ञानलाई प्रचारप्रसार गर्न सर्वप्रथम सारनाथमा पंचभद्रहरुलाई धर्मदेशना गर्नुभयो। तत्पश्चात् बुद्धधर्म प्रचार प्रसार गर्न बौद्ध भिक्षुहरुलाई निर्देशन दिनुभई आफू स्वयं गाउँ गाउँ निगम-निगममा भ्रमण गर्नुभई धर्म उपदेश दिँदै जानुभयो। यहाँ यो उल्लेखनीय छ कि बाटोघाटोको कठिनाई, अविकसित यातायात असुविधाका अलावा स्वयं भगवान् बुद्ध र बौद्ध भिक्षुहरुबाट पैदल भ्रमण गरी धर्मदेशना दिँदै सबै जनमानसलाई बुद्धधर्मको प्रचारप्रसार तथा प्रज्ञा-ज्ञान गुण उपदेश दिने क्रममा बुद्धको जीवनकाल भारतका सीमित क्षेत्र, जस्तै सबभन्दा बढी वर्षावास बस्नुभएको कौशल्य राज्यको श्रावस्ती, मगध राज्य, पैतृकस्थल कपिलवस्तुका केही क्षेत्रमा मात्रै ऐतिहासिक प्रमाण अनुसार सीमित थिए।

नेपाली जनमानस विशेषत: उपत्यकाका बासिन्दाहरुमा यो दृढ विश्वास थियो कि भगवान् बुद्ध स्वयं उपत्यकामा आउनुभई धर्म प्रचार गर्नुभएको थियो। नेपालमा महायानी तथा वज्रयानीहरुको कथनअनुसार वर्तमान शाक्यमुनि बुद्धभन्दा पहिलेका बुद्धहरु, विपश्वी बुद्धदेखि शाक्यमुनि बुद्ध समेतले स्वयम्भू (धर्म श्रृङ्ग पर्वत) पर्वतमा स्वयं उत्पन्न (स्वत) उत्पन्न भएको ज्योति (प्रज्ञा-ज्ञानको ज्योति) दर्शन गर्न आउनु भएको थियो। प्रत्येक बुद्धले यो ज्योति दर्शन गर्न आउनु पर्ने र आएका थिए भन्ने जनविश्वास थियो र सो वारे विभिन्न ग्रन्थमा उल्लेख गरेको पाइन्छ तर ती ग्रन्थहरुको तथ्यतामा अनुसन्धान गरी प्रमाणित गरेको पाइन्न। ऐतिहासिक तथ्यबाट पनि यसलाई निश्चित रुपमा एकीन गर्न सकेको पाइन्न। तर पनि स्वयम्भू पुराण र अन्य वर्णनहरुमा उल्लेख गरेको पाइन्छ।

जे होस्, बुद्धकै पालामा उपत्यका भित्र बुद्धधर्म आइसकेको भन्ने अठोट गर्न सकिन्छ। बुद्ध स्वयं उपत्यकामा आउनुभएको नभए पनि उहाँका शिष्य आनन्द भन्ते आउनु भएको कुरा बौद्ध ग्रन्थमा पाइन्छ। किनभने भगवान् बुद्धको पालामा कोशल राजकुमार विदूदभले (महानामको ल्याइते पट्टीकी छोरी कोशल राज्यको राजासँग विवाहित भएपछि जन्मनु भएका राजकुमार विदूदभ पछि राजा भएपछि) भगवान् बुद्धकै समयमा कपिलवस्तु राज्यमा तीन पटकको हमलापछि पछिल्लो पटक शाक्य कुलको नरसंहार गरेका थिए। (कपिलवस्तुबाट धेरै संख्यामा शाक्यहरु आफ्नो जीउ ज्यान बचाउन भागेर उपत्यकामा र अन्यत्र हालको बंगलादेश रङ्गमति पहाड) सम्म पुगेका थिए। त्यस ठाउँमा चक्माहरु आजपनि कपिलवस्तुबाट आएका हुन् भन्ने दावी गर्छन्। उपत्यकामा कपिलवस्तु र रामग्रामबाट आएका शाक्य र कोलीयहरु हुन् भन्ने प्रमाण छ। आज पनि यिनीहरु यहाँ अद्यापि बसोवास गरि आएका छन्।

भगवान बुद्धले आज्ञा भए बमोजिम उनका शिष्य भिक्षु आनन्द आफ्ना ज्ञातृ बन्धुहरुलाई भेटेर फर्केर गइसकेपछि उहाँको खुट्टाको औंलाहरु हिउँ र शीतले खाई Frost Bite भएको कारण जान्न खोज्नु हुँदा भिक्षु आनन्दले भगवान बुद्धलाई ज्ञातृ बन्धुहरु भेटघाट गर्न जाँदा बाटोमा हिउँ र शीतले खाएकोले घाउ भएको हो भन्ने विवरण प्रस्तुत गर्नु भएको थियो। फलस्वरुप त्यस उपरान्त भिक्षुहरुले जुत्ता लगाउन पाउने नियम बाँधिएको थियो। त्यस घटनाबाट हामीले सजिलै सँग यो अनुमान लगाउन सक्छौं कि भिक्षु आनन्दले उपत्यकामा भगवानबाट प्रतिपादित बुद्धधर्म सम्बन्धी आफ्नो ज्ञातृ बन्धु र अरुलाई उपदेश गर्नुभई

धर्म प्रचार गर्नुभएको थियो । त्यसकारणले यो निष्कर्ष (Conclusion) निकाल्न सकिन्छ कि भगवान् बुद्धकै जीवनकालमा उपत्यकाभित्र बुद्धधर्मको आगमन तथा सुरुवात भइसकेको थियो ।

त्यसको अलावा महायानी र बज्रयानीहरुबाट शाक्यमुनी बुद्धभन्दा पहिले नै बुद्धधर्म भित्रिएको थियो , बुद्धधर्म प्रचलनमा आइसकेको थियो भन्ने तर्क गरेका छन् तर माथि उल्लेखित बमोजिम यस तथ्यलाई इतिहासले प्रमाणित गरिसकेको छैन । तर जेहोस् शाक्यमुनि भगवान्को जीवनकालमा नै भिक्षु आनन्द आफ्ना ज्ञातृ बन्धुको हेरचाह र भेटघाट गर्न उपत्यकामा आउनुभएको बाट सोही समय देखि बुद्धधर्मको प्रवेश उपत्यका भित्र भइसकेको स्वतः अनुमान गर्न सकिन्छ । अब भारतका केही राज्यहरु र नेपालका केही ठाउँहरुको अलावा विश्वमा बुद्धधर्म कहिले प्रचार भयो भन्ने वारेमा अथवा विश्वमा बुद्धधर्मबारे संक्षिप्तमा विवरण प्रस्तुत गर्न चाहन्छु ।

**सर्वप्रथम लिपि भएको पाली ग्रन्थको आधारमा**

विशेषतः १) महावंश २) शासन वंशको आधारमा यी कुराहरु यकिन साथ भन्न सकिन्छ कि बुद्धधर्मको व्यापक प्रचार प्रसार सम्राट अशोकको पालादेखि खास त इशा पूर्व तेस्रो, चौथो शताब्दीदेखि योजनाबद्ध रुपमा प्रचार प्रसार भएको मानी आएको छ । आफ्ना धर्मगुरु भिक्षु मोगलीपुत्र तिस्सको सल्लाह र आज्ञाअनुसार ९ वटा देशहरुमा ९ जना ख्यातिप्राप्त बौद्ध विद्वान भिक्षुहरुको नेतृत्वमा भिक्षुहरु धर्म प्रचारार्थ विभिन्न देश र ठाउँहरुमा पठाइएका थिए । त्यस मध्ये अशोकका आफ्नै छोरी चारुमति नेपालमा आउनु भई नेपालका राजकुमार सँग विवाह सम्बन्ध जोडि पछि उहाँ बाट प्रतिस्थापित चारुमति बिहार चाबहिलको रुपमा अझ पनि यथावत छ । हामी यकिन साथ भन्न सक्छौं कि नेपालमा बुद्धधर्म औपचारिक रुपमा प्रचार प्रसार हुन गएको इतिहास साक्षी छ । त्यस्तै सम्राट अशोकका छोरा भिक्षु महेन्द्र र छोरी भिक्षुणी संघमिता श्रीलंकामा जानु भएकी थिइन् । उहाँहरुका साथमा एउटा बोधिवृक्षको विरुवा पनि पठाइएको थियो । सो हाँगाबाट उम्रेको बोधिवृक्ष अद्यापी अनुराधपुरमा जीवित अवस्थामा सबैको श्रद्धाकेन्द्र विन्दुको रुपमा अवस्थित छ । त्यस्तै सम्राट अशोकबाट विभिन्न क्षेत्रमा पठाइएका धर्मदूत भिक्षुहरुको नाउँ पाएका छन् । जस्तै १) भिक्षु मज्झिम थेर धर्म प्रचारार्थ हिमालय क्षेत्रमा धर्मदूतको रुपमा जानु भएको थियो । २) श्रीलंकामा भिक्षु समनत भद्र थेर धर्मदूतको रुपमा जानु भएको थियो । ३) त्यस्तै सुवर्णभूमि हालको थाइल्याण्डमा र तल्लो वर्मामा भिक्षु सोण र भिक्षु उत्तर धर्मदूतको रुपमा जानु भएको थियो । ४) भिक्षु मज्झिम तिस्स थेर धर्मदूतको रुपमा धर्म प्रचारार्थ काश्मिर र गन्धारमा गएका थिए । ५) सोही अनुसार भिक्षु महारक्खित योनक क्षेत्र र हालको सेन्ट्रल एशिया अफगानिस्तान र ग्रीस सम्म धर्म प्रचारार्थ पुगेका थिए । ६) अर्का भिक्षु रक्खित थेर योन र वानवासी (हालको वर्माको) प्रोमे वरिपरि रहेका साना साना क्षेत्रीय राज्यहरुमा जानु भएको थियो । ७) भिक्षु धर्मरक्षित थेर अपरान्त (सुनपारा) माथिल्लो इरावदीमा धर्म प्रचारार्थ जानु भएको थियो । ८) भिक्षु रेवत महेन्द्र साक र माण्डले (म्यानमारमा) धर्म प्रचारको सिलसिलामा जानु भएको थियो । ९) भिक्षु धर्मरक्षित थेर महारथ सियाम देशमा (हालको थाइल्याण्ड) पुग्नु भएको थियो । यसरी बुद्धधर्मको उपदेश र प्रचार प्रसार भई विभिन्न देशहरुमा बुद्धधर्म पुगेको प्रमाणित हुन आउँछ । त्यस्तै अरु बौद्ध धर्म प्रचारकहरु बौद्ध विद्वानहरु ऐरावती र दुईजना धर्म प्रचारकहरु बौद्धहरु ऐरावती उपत्यकामा जानु भएका थिए । अर्का तीनजना धर्म प्रचारकहरु लावस र पेनाङ्ग (मलेशिया) सम्म पुगेको व्यहोरा प्राचीन धर्मग्रन्थमा उल्लेख गरेको पाइन्छ ।

यसबेलासम्म बुद्धधर्ममा हाल प्रचलित थेरवाद, महायान, वज्रयान भनी विभिन्न यानहरु (Schools of Thought) - विचारधाराहरु आएको कहीं कतै उल्लेख भएको पाइन्न । बुद्धकै पालामा पनि प्रतिपादित शील र विनयको वास्तविकतालाई हेरी प्रतिपादन गरेको भए पनि साधारण भिक्षु-भिक्षुणीहरुका लागि सतप्रतिशत पालना गर्न त्यति

सजिलो थिएन र केही भिक्षुहरुबाट ती शील र विनयभन्दा भिन्नै विचार भएको पनि देखिन्छ । जब कुशीनगरमा भगवान् बुद्धको महापरिनिर्वाण भयो त्यसैताका एकजना बृद्ध भिक्षु सुभद्रले व्यक्त गरे- कि 'अब बल्ल भिक्षु जीवन यापन गर्न सजिलो हुने भयो किनकि भगवान् बुद्ध महापरिनिर्वाण भएपछि अब भिक्षुहरुलाई यसो गर्नुपर्छ, यसो गर्नुहुन्न भन्ने विनय नियम वृद्धि गर्ने बुद्ध महापरिनिर्वाण भयो ।' यस्तो विचार व्यक्त गरेको महाकाश्यप महास्थविरले सुनेपछि अब यो समस्या निराकरण गरी बुद्धधर्मलाई कसरी प्रतिस्थापित गरी निरन्तरता दिने भन्ने बारेमा विचार विमर्श गर्नलाई महापरिनिर्वाणको तीन महिनापछि नै मगध राज्यको राजगिरीमा वेभार पर्वतस्थित सप्तपर्णी गुफामा राजा आजातशत्रु (धर्मात्मा राजा बिम्बिसार का छोरा) का पालामा प्रथम संगायन गरी विभिन्न विषयमा छलफल गरी निर्णायक भूमिका खेल्नुभएको थियो । बौद्ध ग्रन्थ लिपिबद्ध नभएकाले त्यसलाई दिगो राख्ने प्रथम संगायनको १०० वर्षपछि द्वितीय संगायन राजा कालाशोकको पालामा वैशालीको बालुकाराम विहारमा भयो । तृतीय संगायन सम्राट् अशोकको सत्रौं राज्यरोहणपछि पाटलीपुत्र (हाल पटना, बिहार) स्थित अशोकाराम विहारमा भयो । चतुर्थ संगायन श्रीलंकाको राजा वट गामिनि अभयमने पालामा सन् ०७९ मा आलोक विहारमा भयो । यसै संगायनमा सम्पूर्ण त्रिपिटक लिपिबद्ध भए । पञ्चम संगायन बर्माको राजा मिन्डोनको पालामा सन् १८७१ मा राजदरबार मण्डलेमा भयो र त्रिपिटक संगमर्मर ढुंगामा कुँडाए । छैटौं संगायन बर्माको राजधानी रंगूनस्थित घवाईमा १९५४ मा त्रिपिटक बर्मी लिपिमा पुनमुद्रित भयो ।

नोट: यहाँ यो उल्लेखनीय छ कि थेरवाद परम्पराअनुसार तृतीय संगायन सम्राट् अशोकको राजधानी पाटलिपुत्र दरबार (हालको पटनामा अवस्थित) हुँदाखेरि नै विनय शीलहरु पालन नगरेका भिक्षुहरुलाई सो संगायनमा सरिक गराइएन र तिनीहरु अलग्गै छुट्न गएको देखिन्छ ।

महायानी भिक्षुहरुले पहिलो संगायन सम्राट् कनिष्कको समयमा उद्दीयन (हाल पाकिस्तान) मा रहेको उद्दीयन (Swat Valley) मा गरेका थिए । त्यस संगायनमा विभिन्न विषयलाई लिएर मतमा भिन्नता देखिए । त्यहाँदेखि बढी संख्यामा त्यसबेलासम्म प्रचलित बुद्धधर्म २ धाराको विचार स्पष्ट रुपमा प्रस्तुत हुन गए । बहुसंख्यक र अल्पसंख्यक विचारधारामा विभाजित भए । अल्पसंख्यक भिक्षुहरुको साविक विचारधारा मानिनेहरुलाई स्थविरवादी (वृद्धपन्थी) भने जो हाल थेरवादीहरुलाई हीनयानी भनिन्छ । हीन भन्ने शब्दमा वा नामांकान गरेकोमा असहमति भएकोले त्यसैलाई आजकाल थेरवादी भनेर प्रसिद्ध भयो । बहुसंख्यक भिक्षुहरुको विचारधारा भएका समूहलाई महायानी भन्ने थाले ।

महायानी पण्डितहरु महायान बुद्धधर्मलाई कुनै नौलो धर्म मान्दैनन् । भगवान् बुद्ध स्वयंले नै गृद्धकुट पर्वतमा उपदेश भएका धर्म हुन् भन्ने कुरामा दृढ छन् । सो महायान धर्मबारे प्रथम ईसापूर्व श्रीलंकाको राजा तिस्सको पालामा लिपिबद्ध भएको त्रिपिटक ग्रन्थमा नै उल्लेख भएको पाइन्छ । समय बित्दै गएपछि पछिका महायानी विद्वान्हरुले महायान धर्म सम्बन्धी नवग्रन्थ पुस्तकहरु लेख्न महायानीहरुले थाले । पण्डितहरुको अर्को विश्वास छ उद्दीयानमा भएको संगायनमा नै बुद्धधर्म लिपिबद्ध भइसकेको थियो । तदनुसार नेपालका पण्डित विद्वानहरुको कथन छ सो महायान ग्रन्थ तामापत्रमा प्राकृत संस्कृत भाषामा लिपिबद्ध भएका छन् । त्रिपिटक २९ बाकसमा सुरक्षित राखेका छन् । तर ती लिपिबद्ध भएका ग्रन्थहरु आजसम्म फेला परेको देखिँदैन ।

तिब्बत, चीन, कोरिया, जापानमा महायान धर्म प्रचूर मात्रामा प्रचार भई प्रतिस्थापित भएको पाइन्छ । यी महायानी ग्रन्थहरु (त्रिपिटक) (१) टंगुर (२) कंगुर रुपमा तिब्बतमा प्रख्यात छ । यी ग्रन्थहरु भुटान र तिब्बतमा भिक्षु तारानाथद्वारा संग्रह (Compile) गरेको अहिले पनि पाइन्छ । वज्रयानी बज्राचार्य गुरुहरु, लामागुरुहरुको विश्वासअनुसार बज्रयान बुद्धधर्म पनि भगवान् बुद्धकै पालामा प्रतिपादित भएका हुन् । अझ कोही कोही त सोभन्दा पहिले नै प्रचलनमा आइसकेको हो भनी मान्दछन् । साधारणतया ईसाको

सातौं शताब्दीदेखि मात्रै वज्रयान प्रचलित भएको मानिए तापनि त्योभन्दा पहिलेका पुस्तक पनि पाइन्छ । (१) गुणकारण्डर व्यूह सूत्र (२) धर्मकोष, प्राकृत संस्कृतबाट तिब्बतियन भाषामा शीलमञ्जुले अनुवाद गरेका थिए । यही कुरा मूल सर्वास्तिवाद विनय संग्रहको पनि हो । ईसाको सातौं शताब्दीमा त गुणमित्रको संग्रह (Compile) देखापरेको कुरा ईत्सिङ्ग भन्नेले अनुवादमा उल्लेख गरेको छ । त्यस बारेमा व्यापक वर्णन इन्डियामा प्रकाशित बुद्धधर्मको इतिहास भन्ने पुस्तक (History of Buddhism in India) मा उल्लेख गरेको छ ।

**नेपालमा बुद्धधर्म कहिले, कसरी भित्रिए र हालसम्म के-कस्तो प्रकारले मानी आएको छ भन्ने बारेमा छोटो चर्चा**

माथि उल्लेख भए बमोजिम बुद्धधर्म नेपालमा शाक्यमुनि बुद्धकै पालादेखि प्रतिपादित भईसकेको छ । त्यसबेलासम्म थेरवाद, महायानी, बज्रयानी भन्ने पृथक यानहरु नभएको कुरा माथि उल्लेखित बेहोराबाट स्पष्ट हुन्छ। बुद्धधर्म भगवान् बुद्धकै पालामा प्रतिपादित र वैज्ञानिक तवर-तरिकाले व्याख्या गरेको धर्म हो । प्राप्त ग्रन्थहरुको हकमा पर्याप्त मात्रामा महायान र बज्रायानी सम्बन्धी नै हुन् । तापनि पालि विनयको प्राचीनतम नमूनाका केही पृष्ठ नेपालको अभिलेखालयमा पाइएको छ । तीनै खोजीनिती गर्दा सुरुमा केही शताब्दीसम्म थेरवाद धर्मको मान्यता र दबदबा भएको देखिन्छ । त्यसपछि थेरवाद धर्मको प्रभाव घट्दै गए र महायान धर्म सशक्त र सक्रिय अवस्थामा आए । ईसाको दोस्रो शताब्दीमा महायान धर्मको प्रतिपादक आचार्य नागार्जुन नेपालमा आउनुभएको थियो । उहाँले धेरै महायानी ग्रन्थहरु लेख्नुभयो। उहाँ कैयौं वर्षसम्म हाल बालाजु अवस्थित नागार्जुन पहाडमा बस्नुभयो । नागार्जुनमा १०८ गुफा, बुद्धमूर्ति र चैत्यहरु छन् भनिन्छ। एउटा ठूलो बुद्ध मूर्ति, चैत्यहरु, केही गुफाहरु नागार्जुन पर्वतमा अद्यापि पाइन्छ । महायानी सिद्ध, बोधिसत्व, मञ्जुश्री, महाचिनको पञ्चशिर्ष पर्वतबाट उपत्यकामा आउनुभई हालको- क्वयना न्हसिकाप भन्ने स्थानमा चट्टान काटी पानी प्रवाह बाहिर बहने (Drain Out) गरेपछि उपत्यकावासीहरुको बसोबास भएको बेलादेखि नै महायानी धर्मको प्रचार भई महायानी धर्मलाई मान्ने प्रायः उपत्यकाबासी सबै नै महायानी भएका थिए । यो पनि उल्लेखनीय छ कि मञ्जुश्रीपट्टन (हालको ज्ञानेश्वर क्षेत्रमा अवस्थित) श्वेतचैत्य मञ्जुश्रीको स्मृतिचैत्य हो। यहाँ माघ शुक्ल पञ्चमीमा पूजाआजा गरी मान्ने चलन अद्यापि छ । त्यस्तै गौड (शायद हालको वरिसा) को राजा प्रचन्ददेवको पालामा भिक्षु गुणाकर (मञ्जुश्रीको चेला) शान्तश्री, जसलाई शान्तिकार पनि भनिन्छ, आचार्यले एउटा चैत्य र शान्तिपूर स्वयम्भूमा प्रतिस्थापित गरेको र त्यस्तै नमोबुद्धमा पनि एउटा चैत्य बनाएका थिए। ऐतिहासिक तथ्यको आधारमा यो स्पष्ट भन्न सकिन्छ कि तेस्रो र चौथौ ईशा शताब्दीदेखि लिच्छवी राजाहरुको पालामा महायानको प्रचूर मात्रामा प्रचारप्रसार भइसकेको थियो । त्यस्तै सन् ४६८ मा वृषदेवका पनाति राजा मानदेवको पालामा बोधनाथ स्तूप हालको बौद्धमा स्थापित गरिएको र ई.सं............मा राजा अंशुवर्माको पालामा महायानको साथसाथै बज्रयान प्रादुर्भाव मात्र भएको नभई प्रचूर मात्रामा प्रचलनमा आइसकेको कुरा ज्ञात हुन आउँछ । उदयदेव वा अंशुवर्माकी छोरी राजकुमारी भृकुटीको शुभविवाह तिब्बतको शक्तिशाली राजा स्रङ्चङ्ग गम्पोसँग सम्पन्न भएपछि सोही वखतदेखि नेपालबाट तिब्बतमा महायानी धर्म प्रचार प्रसार भयो। राजकुमारी भृकुटी को विवाहमा दाइजोको रुपमा प्रशस्त नेपालबाट बौद्ध ग्रन्थहरु र बुद्धका मूर्ति उपहार स्वरुप त्यहाँ पुगेका थिए। तिब्बतका महारानी भृकुटीको मूर्ति बनाइएको र उनले लगेका भगवान बुद्धका मूर्तिलाई अद्यापी तिब्बतको राजधानी ल्हासामा पूजा गरी राखेका छन् । यस्तै सातौं शताब्दीमा भक्तपुरमा राजा नरेन्द्रदेवको पालामा कामरुप (हाल भारतको आसाम) बाट करुणामय अर्यावलोकितेश्वर ल्याएका थिए र त्यसको जात्रा अझसम्म पनि हरेक वर्ष पाटन शहरमा हुँदै आएको र रथयात्राको अन्तिम थलो ज्यावलाखेलमा नागराजाबाट चढाएका मोतीहरुबाट सजाएको भोटो अहिलेसम्म पनि प्रदर्शन गर्ने प्रथा

चलिआएको छ। त्यसमा स्वयं श्री ५ महाराजाधिराज सरकार सवारी होइबक्सी पूजाआजा गर्ने प्रचलन अद्यापी कायमै छ। सन् ७०४ मा शिवदेव राजा भएपछि बुद्धधर्ममा अझ व्यापकता आएको थियो। सन् ६५७ मा नै चीनका बादशाह ह्वेनसाङ्ग ले स्वयम्भूमा पहेंलो वस्त्र, खाताको साथै बहुमूल्य रत्न र अरु पूजायोग्य सरसामानहरु स्वयम्भूमा चढाउन पठाएका थिए।

यसरी बुद्धधर्मको विशेषत: महायान धर्मको प्रचार प्रचूर मात्रामा उपत्यकाभित्र मानी आएको छ। त्यस्तै नेपालबाट तिब्बतमा महायान धर्मको प्रारम्भ भएपछि आठौं शताब्दीको मध्यमा उद्दीयानमा बौद्ध विश्वविद्यालय (हाल पाकिस्तान तर्फ रहेको स्वाट भ्याली) का उपकुलपति (राजकुमार) पद्मसंभव तिब्बतमा बुद्धधर्म प्रचारार्थ जानु भएको थियो। उहाँका ३ जना शक्तिहरु मध्येमा २ जना १) शाक्यदेवी र २) कालसिद्धि नेपाली भएको र तेस्रो ३) तासी खुदिन भुटानी भएको मानिन्छ। हालसम्म पनि तिब्बतमा र तिब्बतबाट आएका लामाहरुका वीचमा उहाँ देवताको रुपमा पूजनीय भइराखेको पाइन्छ। सो भन्दा अगाडी भारत, नेपालमा पनि उहाँको बसाइमा महायान र बज्रयानको प्रचारप्रसार व्यापकरुपमा भएको पाइन्छ। उहाँ नेपालको बसाई पछि भुटान भई तिब्बत गएको मानिन्छ। भारतको हिमाञ्चल पर्वत प्रख्यात मनाली स्थानमा धेरै वर्ष सम्म गुफामा ध्यानभावना साधना गरेका थिए। त्यहाँका राजकुमारी मण्डरव, पछि खुवा महारानीको नामबाट प्रख्यात भए जसले कि उहाँको शिष्यालाई द्वेष भावना राखी कैदसम्म गरेको पनि इतिहासहरुमा वर्णन गरेको पाइन्छ। सन् ७०५ मा भारतको बिहारबाट शान्तरक्षित नेपाल भई तिब्बत जानु भई महायान र बज्रयान प्रचार गर्नु भएको धार्मिक विवरणमा उल्लेख भएको पाइन्छ। त्यस्तै सन् ७६३ मा कमलशिल र आठौं शताब्दीको अन्ततिर सिद्ध सरहभादी र त्यस्तै विक्रमशील महाबिहार विश्वविद्यालय (हाल बंगलादेश) का उपाध्याय अतिश दीपंकर श्रीज्ञान नेपालमा १४ महिना बस्नु भई २ वटा ग्रन्थ लेख्नुका साथै ठमेलमा विक्रमशील महाबिहार स्थापना गरी तिब्बत जानु भएको ऐतिहासिक र धार्मिक ग्रन्थले प्रमाणित गरेका छन्। सो विक्रमशील महाविहार आज पनि ठमेल थँबहिलको रुपमा प्रख्यात छ। त्यहाँका अनुयायी र दाताहरु प्रधान समुदायका छन्।

जब पद्मसंभव तिब्बतमा पुग्नुभयो त्यसबेला तिब्बतका राजा त्रिसोङ्ग देउ चेन हुनुहुन्थ्यो र त्यसपछिका राजा लाङ्ग धर्म टाउकोमा दुईवटा सिङ्ग भएको बेहोरा बाहिर प्रचारमा आउला भन्ने डरले प्रत्येक दिन १/१ जना आइमाई (नानी) लाई मार्ने गर्थे। त्यसै ताका पद्मसंभवको सल्लाह र इसाराबाट बौद्ध लामा नाचगान हुँदा वाणले हिर्काइ मारेबाट दुष्ट राजाको अत्याचारबाट तिब्बतीयन जनता मुक्त भए भन्ने इतिहास र ग्रन्थमा उल्लेख भएको पाइन्छ। अझ पनि समया भन्ने ठाउँमा जहाँ धेरै वर्षसम्म पद्मसंभव बस्नु भएको महायान र बज्रयानको केन्द्र मानिएको गुम्बा र क्षेत्र अद्यापि त्यहाँ छँदैछ।

अशोकको १४ प्रसिद्ध शिलालेखहरु मध्येमा पाँचौ शिलालेखमा-

यवन, काम्बोज, गान्धार आदि ठाउँमा धर्मयुक्त (धर्मको अधिकारी कर्मचारी ) पठाएको वर्णन छ।

**तेह्रौं शिलालेखमा-**

१. अतियोक (अतियोर्का), २. तरमपो (डरमयो),३) अलिक्यसूत्र अलिकसुन्दरो), तबपनिय ( तंबपनिय), योनकंर्वा (योजनकवजिषु), अंधपुलिकेष
२. अन्तियोक (Anti Chos 2) को राज्य
३. तुरमय-मिश्रको बादशाह Ptolomy Philadelphos को राज्य
४. A anti gonas
५. Ceylon आदि उल्लेख भएको पाइन्छ।



## अनागारिका धर्मशीलाको १९ औं पुण्य तिथिमा गुरुमा प्रति हार्दिक श्रध्दाञ्जली अर्पण गर्दछौ

र

गुरुमाको स्मृतिमा स्थापित धर्मशीला विद्वत् वृत्ति-२०६२ प्राप्त गर्नु हुने भिक्षुणी ञाणवतीलाई

**हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछौ ।**

**सन्त कुमारी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२३३३७**

**रूकु शाक्य**
नदीपुर, पोखरा
**फोन नः ५३०७७१**

**सुन पुतली बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२०४८८**

**चन्द्र लक्ष्मी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२०३९५**

**दमयन्ती शाक्य**
तेर्सापट्टी, पोखरा
**फोन नः ५२०६३२**

**सरस्वती बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२२३४२**

**बिमला बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२१९६८**

**गौतमी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२६८७२**

# कसरी हुन्छ आफ्नो धनको विनाश ?

- *भिक्षु संघरक्षित सद्धम्म कोविद*

## पृष्ठभूमि

संसारमा जुनै कामकुरा किन भइरहेका नहुन्, ती सबैको कारण अवश्यम्भावी हुन्छ। यो भगवान् बुद्धको हेतुवाद सिद्धान्त हो । हरेक कार्यमा कारण पक्कै भएको हुन्छ । त्यसरी नै, धन हुने मानिसको धन त्यतिकै खेर गइरहेको छ वा विनाश भइरहेको छ भने त्यसको कारण पनि निश्चितरुपमा त्यहीं भएको हुन्छ । यो स्वाभाविक नियम पनि हो ।

## कमाउन गाह्रो, खर्च गर्न सजिलो धन

यो संसारमा धनसम्पत्ति कमाउन पक्कै सजिलो छैन । आफ्नो रगत-पसिना बगाएर दुःख गरीमात्र दुइचार पैसा कमाउन सकिन्छ । यसको तुलनामा मानिसहरुले आफूसंग भएको धनसम्पत्ति खर्च गर्न भने धेरै सजिलो हुन्छ । धनको विनाश त कतिखेर कहाँ कसरी भइसकेको हुन्छ, चालै पनि पाउँदैन । आफूसँग धनमात्र हुनुपर्छ, त्यसलाई सिध्याउनमा साथ दिनेहरु पनि यहाँ जतिपनि भेटिन्छन् । आफ्नो छर छिमेकीदेखि लिएर बाटोमा पाउने मानिसले समेत यस कायमा हाँसी हाँसी साथ दिन्छन्, खुशी खुशी साथ दिन्छन् । कस्तो मज्जा !

यहाँ भन्न खोजेका मतलब यो पनि होइन कि हामीले कुनै पनि कामकार्यमा धनको खर्च गर्नै हुँदैन, केवल थुपारेरमात्र बस्नुपर्छ । धन भनेको त हातको मैला न हो । यसले मानिसलाई असाध्यै राम्रो पनि बनाउन सक्छ । अनि ज्यादै खतरनाक पनि बनाउन सक्छ। यसैले आफूसंग धन भएसरी आवश्यक ठाउँमा आवश्यक अनुरुप धनको सदुपयोग गर्न सक्नुपर्छ। यो बुद्धोपदेश पनि हो ।

## सदुपयोग धन नै आफ्नो धन

बुद्धको उपदेश यसरी पनि रहेको छ, यदि हामी भएको धनलाई मात्र संचय गर्नतिर नै लाग्छौ भने ती धन हराए समान हुन्छ । यसको पनि कारण छ । यसको प्रमुख कारण के हो भने, ती थुपारिएका धनलाई न त हामीले व्यवहारमा प्रयोग गर्न पाउछौ, न त मरेर आफूसंग लान नै पाउछौं ।

यसरी नै, जुन धनलाई हामी खान, पिउन, लाउन, बस्न, जस्ता व्यवहारिक कार्यमा प्रयोग गर्दछौं, ती धन केवल आफूसंग भएको जस्तोमात्र हुन्छ । कमसेकम ती धन हामीले आफ्नो व्यवहारमा प्रयोग त गर्न पाइरहेका छौं ।

तर, जुन धनलाई हामी बहुजन हित र कल्याणको लागि सदुपयोग गर्दछौं, ती धन नै हाम्रो वास्तविक धन हो, जुन पुण्यरुपी धनले यो जन्ममा मात्र होइन, परलोकमा समेत ठूलो उपकार गरिरहेको हुन्छ । अरु धनभन्दा पनि वास्तविक धन नै कमाउन हामी सर्वदा लालायित हुनुपर्ने बुद्धको उपदेश हो ।

## शुद्धरुपले कमाएको धन

यी वास्तविक धन संचय गर्न र लोकमा जीवमान् रहन पनि सांसारिक धनको अत्यावश्यक रहेको हुन्छ । भगवान् बुद्धले त यो यतिसम्म पनि भन्नुहुन्छ कि धन कमाउन काखीबाट पसिना बगाएर पनि परिश्रम गर्नुपर्छ । कुरा यति हो कि आफूले गरेको काम कसैलाई हानी नपुग्नेखालको हुनुपर्छ अनि कमाएको धनको राम्रोसंग सदुपयोग गर्न सक्नुपर्छ ।

भगवान् बुद्धले गर्न नहुने व्यापारका रुपमा दिनुभएको उपदेश यसरी बौद्ध वाङ्मयमा उल्लेखित छ-

१. काटमार गर्ने शस्त्र-अस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रय-बिक्रय गर्न र गर्न लगाउनु हुन्न ।
२. सत्वप्राणीहरु विशेषतः मानिसहरुको क्रय-बिक्रय गर्नु र गराउनु हुन्न ।
३. हिंसा गर्न वा हिंसा गरी मांस क्रय-बिक्रय गर्नु र गराउनु हुन्न ।
४. अचम्म लाग्ने कुनै पनि मादकपर्दाथहरु क्रय-

# पञ्चशील-नेपाल बौद्ध परियत्तिको महत्वपूर्ण शिक्षा

-डा. केशवमान शाक्य

**भूमिका :**

नेपाल बौद्ध परियत्ति शिक्षाको प्रारम्भिक प्रथम वर्षको पाठ्यक्रम अनुसार सबभन्दा पहिलो पाठ हो- पञ्चशील पालन । पञ्चशीलमा पाँचवटा शिक्षा समाहित छन् । ती हुन्

१. प्राणीघात नगर्नु
२. चोरी नगर्नु
३. व्यभिचार नगर्नु
४. झूठ कुरा नबोल्नु र
५. लागू पदार्थ सेवन नगर्नू ।

प्रथम वर्षका विद्यार्थी प्रायः गरी कलिलो उमेरका बच्चा नै हुने भएकाले पञ्चशीलको शिक्षालाई राम्रोसित नबुझ्नु पनि सक्छन् । त्यसैले प्रायः श्रद्धाको आधारमा मात्र पञ्चशीललाई सक्दो पालन गर्दछन् । तर बौद्धिक परिपक्वता हुँदै गएपछि पञ्चशीलले मानिसको व्यक्तित्व र मनोबल विकास गर्नमा ठूलो भूमिका खेलिरहेको हुन्छ भने दार्शनिक पक्षलाई पनि बुझ्ने हुन्छ । अनि शील पालनामा दृढता र प्रेरणाको मात्रा स्वाभाविकरुपमा बढेर जाने हुन्छ । पञ्चशीलको यस महत्वपूर्ण पक्षलाई बुझ्नसके यस शिक्षाको मर्यादा झन् उकासिने हुन्छ, प्रतिष्ठा अझ बढ्ने हुन्छ ।

**मूल कुरा :**

**१. पञ्चशील : व्यक्तित्व विकासको आधार**

वास्तवमा कोही मानिस कस्तो प्रवृत्तिको छ भन्ने परिचय व्यक्तिको व्यक्तित्वले दिन्छ । त्यसैले व्यक्तित्व मानिसको मूल्य हो भने व्यक्तित्ववान् मानिस मूल्यवान् हुन्छ । व्याक्तित्वहीन मानिस मूल्यहीन हुन्छ । मानिस कायिक, वाचिक र मानसिक आचरण व्यक्तित्वले भरिपूर्ण हुने गर्छ ।

प्राणीहिंसा गर्न पछि नहट्ने मानिस हिंसात्मक प्रवृत्तिको हुन्छ त्यसै अनुरुप उसमा तुरुन्तै द्वेषभाव उत्पन्न हुने हुन्छ । अरुको दोष हेर्ने बानी भएको व्यक्ति क्रोधी हुन्छ । सभ्य र भलाद्मीहरु यस्ता व्यक्तिसँग सम्बन्ध राख्नबाट टाढा हुन खोज्छन् । हिंसामा प्रेरित हुने गुणनै व्यक्तिको सानो कुरामा पनि प्रकट हुने द्वेषभाव हो । त्यस्तो मानिस झगडालु हुन्छ । यस्तो व्यक्तित्वलाई राम्रो व्यक्तित्व भनिदैन पनि ।

प्राणी हिंसा नगर्ने शिक्षालाई शरीर, वचन र मनले पालन गर्ने व्यक्ति शान्त स्वभावको हुन्छ, मिलनसार हुन्छ । यस्तो व्यक्तिसँग सभ्य र भलाद्मीहरुले सम्बन्ध राख्न अगाडि बढ्छन् । व्यक्तिको जीवन र जगतमा सफलता प्राप्त गर्न अरु मानिसको सहयोग र विश्वास अति नै आवश्यक हुन्छ । शीलवान् व्यक्तिलाई अरु मानिसको सहयोग र विश्वास सजिलै प्राप्त हुन्छ । यस्तो व्यक्तित्वलाई राम्रो व्यक्तित्व भनिन्छ । यसैप्रकार अरु शीलमा पनि लागु हुन्छ । शीलवान् व्यक्तिलाई प्राप्त हुने सबैभन्दा महत्वपूर्ण लाभहरु हुन्- अरुको विश्वास प्राप्त गर्नु (Trust) र सम्बन्ध राख्नमा कसैलाई भय नहुनु (Confidence) । शीलवान व्यक्तिलाई सभ्यहरुको सभा, समाजमा ठाउँ प्राप्त हुने हुन्छ, प्रतिष्ठा भइरहन्छ भने नेतृत्व दिइरहन्छ । यसरी नै साहुले काम दिइरहन्छ, व्यापारीको व्यापार भइरहन्छ, कामदारहरुले काम दिइरहन्छ, धनसम्पत्ति वृद्धि भैरहन्छ, कुलघराना सम्पन्न परिवारहरुसँग सम्वन्ध कायम हुँदै जान्छ । यस प्रकारको यश प्राप्त व्यक्तिलाई व्यक्तित्ववान भनिन्छ । मानिसको शारीरिक बनावटलाई व्यक्तित्व भनिदैन । उसको शरीर, वचन र मनले गर्ने आचरणलाई व्यक्तित्वको रुपमा लिइन्छ । तसर्थ व्यक्तित्व विकासको आधार पञ्चशील हो ।

**२. पञ्चशील : मनोबलको आधार**

ध्यान भावना गर्दा देखिने पाँचवटा बाधाहरु (पञ्चनीवरण) हुन् :

१. व्यापाद
२. उद्धच्च कुच्कुच्च
३. थीनमिद्ध

४.विचिकिच्छा र
५. कामच्छन्द ।

यी बाधाहरु मनका दुर्बलता हुन्। यी बाधाहरु हटाउन सक्नु नै मनोबल मजबूत हुनु हो । मनको एकाग्रता कायम गर्नु ध्यानभावनाको एउटा मूख्य काम हो । मन दुर्बल भएमा एकाग्रता कायम गर्न कठीन हुन्छ। एकाग्रता टुट्यो कि ध्यान भावना सफल हुँदैन । मनको दुर्बलता ध्यान भावनामा मात्र बाधा होइन यो जीवनको प्रगतिमा समेत बाधा हो। त्यसैले लौकिक जीवनमा मनोबलको ज्यादै नै आवश्यकता अपरिहार्यता रहनेहुन्छ ।

व्यापाद भनेको द्वेषभाव हो । मानिसको हिंसात्मक प्रवृत्तिले नै द्वेषभाव उत्पन्न हुनेगर्दछ । प्राणीहिंसा नगर्ने शिक्षालाई शरीर, वचन र मनले पालना गर्न सके द्वेष भाव कम भएर जान्छ। मानिसको हिंसात्मक प्रवृत्तिले नै द्वेषभाव उत्पन्न हुने गर्दछ । प्राणी हिंसा नगर्ने शिक्षालाई शरीर, वचन र मनले पालना गर्न सके द्वेषभाव कम भएर जान्छ। द्वेषभावले मनोबललाई कमजोर गरिदिन्छ। मनोबल भनेको धैर्य गर्न सक्ने गुण पनि हो । द्वेषभाव भनेको धैर्य गर्न नसक्ने गुण हो ।

उद्धच्च कुक्कुच्च भनेको मन छटपट हुनु आकुल व्याकुल हुने गरी चिन्तित हुने स्वभाव हो । मन छटपट र चिन्तित भएमा एकाग्रता कायम हुँदैन । त्यसकारण उद्धच्च कुक्कुच्च मनको दुर्बलता हो भने मनको व्याकुलता अरुको वस्तु नदिइकन लिनेमा हुन्छ। अरुको बस्तु लिने काममा धेरै खतरा भैरहन्छ । कसरी लिए कम भन्दा कम खतरा आउँछ भनेर चिन्तित भैरहन्छ । बस्तु लिइसकेपछि समात्छ कि अथवा पिट्छ कि भन्ने मनस्थितिले मन छट्पट् भइ रहन्छ भने बस्तु मालिक सँग सँधै डर भैरहन्छ । त्यसकारण अरुको वस्तु चोरेर, लुटेर अथवा फकाएर लिनेको मन दुर्बल भइरहन्छ। अदिन्नादाना शीलपालन गर्ने व्यक्तिको मन आकुल व्याकुल हुँदैन । इच्छा गरेको काममा एकाग्रता कायम हुन्छ। मनोबल बलियो हुन्छ ।

थीनमिद्ध भनेको मनको अल्छिपना हो। यस्ले ध्यानभावना गर्दा निद्रा तर्फ घचेट्ने कार्य गर्दछ । एकाग्रता भङ्ग हुन्छ र यसप्रकार मनलाई दुर्बल गरिदिन्छ । शरीरमा अल्छी हुनेकारण हो लागु पदार्थको सेवन खाने पिउनेमा संयम नहुनु । लागु पदार्थ सेवन नगर्ने शिक्षा अर्थात खाने पिउने संयम (भोजन मतञ्ञूता) भयो कि मन शिथिल हुँदैन । मन उत्साही भइरहन्छ ।

बिचिकिच्छा भनेको मनमा शंका, उपशंका अविश्वास उत्पन्न हुनु हो । गरेको काममा सन्देह, शंका, उपशंका भयो कि काम खुकुलो हुनु स्वाभाविक हो। विचिकिच्छा मनको दुर्बलता हो । शंका उपशंका अनिर्णयता असत्य वचनले पतिपादन गर्दछ। सत्यवादी व्यक्तिसँग निर्णय गर्न सक्ने शक्ति हुन्छ । निर्णय गर्न सक्नु मजबुत मनोबलको उपलब्धि हो ।

कामच्छन्द भनेको ध्यानभावना गर्ने बेला मनमा काम वासनाको कुरा उत्पन्न हुनु हो । यसले पनि एकाग्रता टुटाइदिन्छ। मनलाई दुर्बल बनाइदिन्छ । व्यभिचार नगर्ने शिक्षा पालन गर्ने व्यक्तिलाई काम वासनाको इच्छाले दु:ख दिदैन। त्यसैले उसको मनोबल बलियो हुन्छ। जीवनमा प्रगति गर्न सक्छ ।

शीलवान व्यक्तिको मन शान्त, गम्भीर उत्साही, निर्णायक र संयमी भइरहन्छ । मनोबल बलियो भइरहन्छ । मनोबल बलियो व्यक्तिले गर्ने काममा सफलता प्राप्त भइरहन्छ । आफूलाई पनि हित हुने ठूला ठूला काम गर्न सक्छ । त्यसकारण मनोबैज्ञानिक रुपले पनि पञ्चशीलको महत्व छ ।

पञ्चशीलको पालनाले प्रत्यक्ष रुपमा नै कायिक, वाचिक आचरणमा सुधार ल्याइदिन्छ । पञ्चशीलको पालनाले ध्यान भावना सफल पार्नमा बल मिल्छ अनि मनको शुद्धतामा अभिवृद्धि हुन्छ। मन जगमगाउने हुन्छ। श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा आदि पाँच बल कसिलो हुँदै जान्छ। यी पाँच बलले युक्त व्यक्तिलाई दृढ मनोबल भएको व्यक्ति भनिन्छ। यी पाँचबलले दृढ व्यक्ति जहाँपनि सफल हुन्छ ।

शीलपालन गर्ने शिक्षामा अधिष्ठान र वीर्य अन्तर्निहित रहन्छ। नैष्कम्य र दानको त्यागभाव पनि अन्तर्निहित हुन्छ। लुकिरहन्छ। क्षान्ति र सत्य देखा

परिरहेको हुन्छ । शीललाई रक्षा गर्ने कार्यमा उपेक्षा, ध्यान र प्रज्ञा रहेका हुन्छ । यसप्रकार शीलपालनमा पारमिता धर्म पनि विद्यमान भइरहन्छ । पारमिताधर्म पनि बलियो मनसित सम्बन्ध भएको धर्म भएकोले पञ्चशील पालनाबाट मनोबल बलियो हुन्छ भन्ने कुरा अर्को स्वाभाविक तथ्य हो ।

## उपसंहार

पञ्चशील दुर्बल व्यक्तिको पलायनवाद होइन । त्यसो त पञ्चशील निर्बलताको आत्मसमर्पण पनि होइन । बस्तुतः पञ्चशील व्यक्तित्व र मनोबल विकासको आधार हो । पञ्चशील पालन बिस्तारै अगाडी बढ्ने शिक्षा प्रकृया हो । पञ्चशीलको शिक्षा लिँदैमा तुरुन्तै पूर्णता आउँदैन । ब्यावहारिक र बौद्धिक परिपक्वता पूर्ण हुँदै आएपछि पञ्चशील शिक्षाको मर्यादा कायम हुँदै जान्छ । त्यसकारण पञ्चशील अतिवाद पनि हुनुहुदैन । पञ्चशीलबाट मानिसमा एउटा सन्तुलित व्यक्तित्व विकास गर्न सक्नु पर्दछ । त्यसैले पञ्चशील नै ब्यावहारिक जीवनको वास्तविक सत्याग्रह हो ।


**श्रध्देय अनागारिका धर्मशीलाको १९औं पुण्य तिथिमा**

**गुरुमाको स्मरण गर्दै उहाँका नाममा स्थापित**

**धर्मशीला विद्वत् वृत्ति-२०६२**

**प्राप्त गर्नुहुने भिक्षुणी ञाणवतीलाई**

**हार्दिक शुभकामना**

**रेणुका शाक्य**
तेर्सापट्टी, पोखरा
फोन नः ५२०९९२

**नारायण देवी शाक्य**
तेर्सापट्टी, पोखरा
फोन नः ५२०१७२

**मंगल बाबर**
मोहरिया टोल, पोखरा
फोन नः ५२६६९१

**चन्द्र लक्ष्मी गुभाजू**
नयाँ बजार, पोखरा
फोन नः ५२०२४६

**पान माया प्रजु**
तेर्सापट्टी, पोखरा
फोन नः ५३२७३१

**ऋषी बज्राचार्य**
गैह्रापाटन, पोखरा
फोन नः ५३३२८७

धर्मशीला बुद्ध बिहारका संस्थापिका

**श्रध्देय अनागारिका धर्मशीला गुरुमाको १९ औं पुण्य तिथिमा**

**गुरुमाप्रति हार्दिक श्रध्दा सुमन अर्पण गर्दछौं ।**

**तथा गुरुमाको नाममा स्थापित**

**धर्मशीला विद्वत् वृत्ति-२०६२ प्राप्त गर्नुहुने भिक्षुणी [illegible]वतीलाई**

हार्दिक शुभकामना व्यक्त गर्दछौं र उहाँको उत्तरोत्तर उन्नति र प्रगतिका लागि

मंगलमय कामना गर्दछौं ।

**कमला बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२०११६

**शुक्र लक्ष्मी शाक्य**
भैरव टोल, पोखरा
फोन नं: ५३८९१०

**हेम लक्ष्मी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२२३१५

**सुश्री सूर्यकान्ता बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२३६४८

**तुमला देवी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२३९२१

**शान्ती बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२३६४८

**पंच लक्ष्मी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२७२८३

**मंगली बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२०६८२

# सम्मानयोग्य व्यक्तित्व अनागारिका धर्मशीला

- *सापकोटा बाजे*

अनागारिका धर्मशीला दिवंगत हुनु भएको १९ वर्ष पुगेको छ । बुद्ध बिहार परिवारले प्रत्येक वर्ष उहाँलाई संझने गर्दछ । त्यही क्रममा वरिष्ठ पत्रकार तथा बिहारका उपासक मेरा मित्र तिलकमान गुभाजूले एक संस्मरण लेखिदिने आग्रह गरे बमोजिम यो लेख्ने प्रयास गरेको छु ।

हाम्रा समकालीन साथीहरु मध्ये अनागारिका धर्मशीला सबभन्दा भाग्यमानी व्यक्ति जस्तो लाग्दछ । उहाँले जीवित अवस्थामा पनि थुप्रै आदर सम्मान पाउनु भएको थियो भने १९ वर्ष पछि पनि उहाँ त्यत्तिकै सम्मानित र आदरणीय रहिरहनु भएको छ । यो भावाव्यक्ति पनि मैले उहाँकै सम्मानमा श्रद्धाञ्जली स्वरुप अर्पण गर्दैछु । समकालीन मित्रहरु मध्ये कसैलाई आफ्नो परिवारले जीवित राख्ने प्रयास गरेका छन् भने कसैलाई साथीहरुले त्यो प्रयास गर्दैछन् । तर परिवार नभएका अनागारिका धर्मशीलालाई उहाँका उपासक उपासिकाहरुले उहाँलाई जीवन्त राख्ने प्रयास गर्दैछन् । त्यस हिसाबले हेर्ने हो भने पोखरामा मरणोपरान्त सबभन्दा सम्मानित व्यक्ति उहाँ नै हुनुहुन्छ ।

बिहार परिवारले उहाँको पहिलो वार्षिकी २०४४ सालमा बुद्धधर्मको ठूलो अनुष्ठान महापरित्राण तथा बौद्ध सम्मेलनको आयोजना गऱ्यो । त्यसै बेला बिहार को नाम उहाँकै स्मृतिमा धर्मशीला बुद्ध बिहार राखियो भने त्यही सम्मेलनले उहाँ समेत संस्थापक रहेको अनदु डाँडामा भत्किएर रहेको विश्व शान्तिस्तूप पुन: निर्माण गर्ने अठोट गरेर राष्ट्रिय समितिको गठन गऱ्यो । बौद्धहरुको त्यो साहस धैर्य र जमर्कोलाई मान्नु पर्दछ । जसको परिणाम प्रजातन्त्रको पुनर्बहाली भएपछि विश्व शान्तिस्तूप पुन निर्माण भयो ।

बिहार परिवारले मित्र तिलकमान गुभाजूले लेख्नु भएको "अनागारिका धर्मशीला र उहाँका कार्यहरु" नामक जीवनी प्रकाशित गरेको छ भने बिहार प्राङ्गण मा उहाँको अर्धकदको प्रतिमा स्थापना गरेको छ । त्यसको अतिरिक्त, उहाँकै सम्मानमा तथा उहाँको नाम अरु चिरस्थायी राख्न उहाँका अनुयायी अनागारिका कर्मशीलाले "धर्मशीला विद्वत वृत्ति" को पनि व्यवस्था र संचालन गर्नु भएको छ । त्यो विद्वत वृति यहाँका लागि सर्वाधिक नयाँ र आफ्नै किसिमको छ । विद्वत वृत्ति प्राप्त व्यक्तिले एक वर्ष सम्म व्यवस्थापन समितिले तोकेको ठाउँ र बेलामा बौद्ध प्रबचन गर्ने र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्राबधान छ । बौद्ध प्रवचनकर्ताहरुको अभाव भैरहेको बेलामा त्यसले एउटा खाँचो पूर्ति गरेको छ । यसलाई अरु व्यवस्थित र प्रभावकारी बनाउँदै लग्नु पर्ने देखिएको छ ।

यस किसिमले हेर्दा पोखरामा साथीहरु मध्ये दिवंगत पश्चात धेरै किसिमबाट सम्मानित हुनेहरु मध्ये उहाँ पहिलो हुनु भएको छ । जुन सम्मानले हामी जीवित साथीहरुलाई समेत ईर्ष्याको विषय बनाएको छ । मैले यसो भन्दा उहाँलाई आवश्यकता भन्दा बढी सम्मान दिइएको अर्थ लाग्नु हुँदैन ।

उहाँले जीवनको धेरै क्षेत्रमा काम गर्नु भएको छ । उहाँ एकजना धार्मिक व्यक्ति भएर पनि राजनीतिमा आउनु भयो । उहाँले २००७ सालको क्रान्तिमा सक्रिय योगदान दिनु भयो । राजनीतिक नेताहरुको उहाँ संपर्क सूत्र बन्नुभयो । पोखरामा निस्केको पहिलो महिला ऱ्यालीको उहाँले नेतृत्व गर्नु भयो । राजनीतिक क्षेत्रमा उहाँ सबैको "दिदी" हुनुहुन्थ्यो र दिदी भएर सबैलाई यथोचित सहयोग र संरक्षण पनि गर्नुहुन्थ्यो । उहाँ एकजना भरोसा लाग्दो, विश्वासिलो र परिपक्व व्यक्तित्वका रुपमा चर्चित हुनुहुन्थ्यो । उहाँ प्रजातन्त्रका एकजना कर्मठ सेनानी हुनुहुन्थ्यो ।

धर्मशीला अनागारिका राजनीतिमा के कति सक्रिय हुनुहुन्थ्यो भन्ने कुरा पोखराका शीर्षस्थ नेताहरु पं. ऋषीकेशव पराजुली, भूतपूर्व मन्त्री मीनबहादुर गुरुङ्ग र पं. मुक्ति नाथ तिमिल्सिनाले लेख्नु भएको आत्मकथामा उल्लेख छ । मित्र तिलकमान गुभाजूले लेख्नु भएको

उहाँको जीवनीमा उहाँ कविवर माधव प्रसाद घिमिरे, मीन बहादुर गुरुङ्ग, वैदाम निवासी विष्णु पहारी र सुन्दर प्रसाद मर्सानीका साथ नौ दिन सम्म जंगी परेडको कोत गारतमा थुनिनु भएको उल्लेख छ ।

शैक्षिक र सामाजिक काममा पनि उहाँ सँधै तत्पर देखिनु हुन्थ्यो । पोखराको शैक्षिक जागरणमा उहाँको उल्लेख्य योगदान रहेको छ । यहाँको राष्ट्रिय व्यावसायिक उच्च माध्यमिक विद्यालय, पृथ्वी नारायण क्याम्पस आदि शैक्षिक संस्था स्थापनाको लागि सर सल्लाह वैठक आदि बुद्ध विहारमा नै हुने गरेको थियो । श्री ५ रत्न राज्य लक्ष्मी कन्या स्कूलको उहाँ संस्थापक सचिव समेत हुनुहुथ्यो, बजारमा चन्दा आदि उठाउनु पर्‍यो भने सबैले उहाँलाई अघि सार्दथे ।

बुद्धधर्ममा दीक्षित भएका एकजना महिलाको त्यो तत्परता, साहस र व्यक्तित्व देखेर कहिले काँही हामी आश्चर्य मान्दथ्यौं । उहाँमा वाकपटुता थियो , मान्छे अनुसार कुरा गर्नु हुन्थ्यो । फरासिलो हुनुहुन्थ्यो । हेर्दा पनि लोग्ने मानिस जस्तै अग्लो, हिडाई, बोलाई, चलाई सबै उस्तै । कतिपय उपासक उपासिकाहरुले उहाँलाई गुरु पनि भन्दथे । हल्का पहेलो चिवर लगाउने उहाँ गुरु जस्तै देखिनु हुन्थ्यो ।

बुद्धधर्मको प्रचार प्रसार केही नभएको पोखरामा उहाँ के कसरी प्रभावित हुनुभयो, त्यो आश्चर्य लाग्दो कुरा छ । त्यसमा पनि १५ /१६ वर्षको किशोरावस्थामा प्रवज्जित हुन खोज्नु अरु आश्चर्यको कुरा हो । भरखरै के खाउँ के लाउँ भन्ने चुलबुले उमेरमा कपाल खौरेर पहेंलो चिवर लगाउनु भनेको चानचुने कुरा होइन । उहाँ भने दीक्षित हुनका लागि घरबाट भागेरै जानु भएको रहेछ ।

भगवान बुद्धलाई ईश्वर झैं मानी आएका हामीले कहिले काँही उहाँको बुद्धधर्म संबन्धी कुरा सुन्दा आश्चर्य र अनौठो लाग्दथ्यो । उहाँ बुद्धलाई ईश्वर होइन, मानिस अथवा महामानव भन्नुहुन्थ्यो । उहाँले मान्ने धर्ममा टीका लगाउनु नपर्ने, भाकल गर्नु नपर्ने, बलि दिनु नपर्ने, पञ्चशील पालना गरे पुग्ने र त्यसैमा जोड दिने देख्दा अचम्म माथ्यौं । तर त्यो आफ्नो सरोकारको विषय नभएकोले त्यत्ति चासो राखिदैनथ्यो । त्यस्तो प्रतिकूल परिस्थितिमा पनि अनागारिका धर्मशीलाले जे जसरी धर्मको स्थापना गर्नु भयो, त्यो अत्यन्त उल्लेखनीय रहेको छ ।

केही वर्ष देखि धर्म चक्षु बौद्ध मासिक पढ्ने गरेको छु । बुद्ध धर्मका एक दुइवटा किताब पनि हेर्ने गरेको छु जसले नजिकबाट बुद्धधर्म नियाल्ने अवसर दिएको छ । भिक्षु सुभद्रलाई पनि कहिलेकाँही भेट्थें । उहाँ बलि प्रथाको घोर विरोधी हुनुहुन्थ्यो । बलि दिएर धर्म हुन्छ भने किन बाबुले आफ्नै छोरालाई र छोराले बाबुको बलि दिँदैनन्, किन निर्दोष हाँस, कुखुरा, बोका आदि बलि दिन्छन् भन्दा म नतमस्तक हुन्थे । जति बुद्धधर्मका कुराहरु बुझ्दैछु, उति धर्मशीलाप्रति मेरो श्रद्धा र सम्मान बढ्दैछ । बौद्धहरुले उहाँलाई यत्ति धेरै सम्मान किन दिएका होलान् भन्ने जस्तो लाग्थ्यो, अहिले त्यसको महत्व र आवश्यकता महशुस गर्दैछु । त्यस क्रममा यो लेखेर श्रद्धा सुमन स्वरुप एक अञ्जुली अर्पण गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ ।


**अनागारिका धर्मशीला गुरुमा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र**

**धर्मशीला विद्वत वृत्ति-२०६२**

**बाट सम्मानित भिक्षुणी ज्ञाणवतिलाई**

**हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति

धर्मशीला बुद्ध विहार पोखरा

# धर्मशीला विद्वत वृत्ति प्राप्त भिक्षुणी ज्ञाणवती

पोखरामा स्थापित धर्मशीला विद्वत वृत्ति आगामी वर्षका लागि भिक्षुणी ज्ञाणवतीलाई दिने निर्णय भएपछि उहाँका वारेमा यहाँ चर्चा परिचर्चा सुरुभएको छ । तिनै जिज्ञासा मेटाउन यहाँ छोटकरीमा केही कुरा उल्लेख गर्ने जमर्को गरिएको छ ।

अनागारिका कर्मशीलाद्वारा स्थापित *धर्मशीला विद्वत वृत्ति* पाउनु हुने उहाँ चौथो व्यक्ति हुनुहुन्छ । यस अघि सो विद्वत वृत्ति अनागारिका सुजातालाई प्रदान गरिएको थियो । चार वर्ष पहिले स्थापित विद्वत वृत्ति पहिलो पटक भिक्षु कोण्डन्यलाई र दोश्रो पटक भिक्षु सुशीललाई प्रदान गरिएको थियो । यो विद्वत वृत्ति पाउने व्यक्तिले व्यवस्थापन समितिले आयोजना गरेको ठाउँमा प्रवचन दिने धर्मदेशना गर्ने र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्ने लगायतका काम गर्नु पर्ने प्रावधान राखिएको छ । पोखरा र सेरोफेरोमा बौद्ध प्रवचन कर्ताहरुको सर्वथा अभाव खट्केको बेलामा यो व्यवस्थाले त्यो अभाव केही मात्रमा भएपनि हटाउने अनुभव गरिएको छ। पोखरामा सीमित भएको यस कार्यलाई यस वर्षदेखि कहिकतैबाट माँग भै आएमा वर पर पनि लैजाने विचार व्यवस्थापन समितिले गरेको छ।

भिक्षुणी ज्ञाणवती योग्यतम व्यक्तित्व हुनुहुन्छ। उहाँले नेपाल बौद्ध परियत्ति शिक्षाबाट परियत्ति सद्धम्म कोविद (बुद्ध धर्ममा स्नातक सरह) गर्नुभएको छ भने म्यानमारमा अभिधम्म परीक्षा दिनुभएको छ। त्यस्तै नेपाल भाषामा उहाँले त्रिभुवन विश्व विद्यालयबाट २०४८ मा वी.ए. पास गर्नुभएको छ । यस अघि वहाँले त्रिविवि बाटै २०३६ मा बी.एड्. र २०४२ मा एम.एड्. गर्नुभएको थियो । त्यति मात्र होइन, २०६० मा सोही विश्व विद्यालयबाट बौद्ध अध्ययनमा पोष्ट ग्राजुयट डिप्लोमा पनि गर्नुभएको छ ।

उहाँ शैक्षिक र सामाजिक विकासमा गहिरो रुचि राख्नुहुन्छ । उहाँ २०४७ मा स्थापित अप्सरा माध्यमिक विद्यालयका संस्थापक प्रिन्सिपल हुनुहुन्छ। उहाँले २०३६ देखि २०६० सम्म प्रभात माध्यमिक विद्यालयमा गणितको शिक्षिका भएर काम गर्नु भएको थियो । उहाँ नेपाल बौद्ध परियत्ति शिक्षक प्रशिक्षण केन्द्रका को-अर्डिनेटर र २०५० मा स्थापित प्रज्ञानन्द स्मृति स्वास्थ्य क्लिनिकका सभापति हुनुहुन्छ । परियत्ति शिक्षा प्रचार प्रचारमा उहाँले ठूलो भूमिका खेल्नु भएको छ । उहाँले परियत्ति कक्षा संचालन गरेर त्यसको शिक्षक, केन्द्राध्यक्ष र प्रमुख संचालक भएर पनि काम गर्नु भएको छ । यी र यस्ता धेरै कामहरु गर्नुका अलावा नेपालमा अरुले नगरेको नया र नौला काम पनि उहाँले गर्नुभएको छ । त्यो हो - Buddhist Communication Centre । उहाँले ललितपुरमा यो सेण्टर खोलेर भिक्षु अनागारिकाहरुको जीवनी संकलन गर्ने आदि महत्वपूर्ण काम गर्नुभएको छ ।

भिक्षुणी ज्ञाणवतीले राष्ट्रिय र अन्तर्राष्ट्रिय धेरै सम्मेलन र गोष्ठीहरुमा पनि भाग लिनुभएको छ । ती सम्मेलनहरु मध्ये अस्ट्रेलियाको सिड्नीमा, फर्मोसाको ताइवानमा, भारतको माउण्ट आवु तथा नेपालको लुम्बिनीमा भएको सम्मेलन विशेष उल्लेखनीय छन् ।

धेरै संघ संस्थाहरुमा बसेर उहाँले धेरै योगदान दिनुभएको छ र धेरै अनुभव हासिल गर्नुभएको छ । २०१६ साल असोज ३० गते ललितपुरको गाबहालमा न्हुछेबहादुर बज्राचार्य र हर्षमाया बज्राचार्यबाट जन्मनु भएका उहाँ २०३६ सालमा श्री शाक्य सिंह विहारमा दीक्षित हुनुभएको होभने २०५४ सालमा चीनको ग्वाङडङमा भिक्षुणी हुनु भएको हो । उहाँ अत्यन्त सक्रिय, शीलवान र सहृदयी हुनुहुन्छ ।

धर्म चक्षु परिवार वहाँ धर्मशीला विद्वत वृत्ति-२०६२ बाट सम्मानित हुनुभएको मा खुशी व्यक्त गर्दछ र वहाँको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना प्रकट गर्दछ ।

## अनागारिका धर्मशीलाको १९औं पुण्य तिथिमा
## गुरुमा प्रति हार्दिक श्रध्दाञ्जली अर्पण गर्दछौ र

गुरुमाको स्मृतिमा स्थापित धर्मशीला विद्वत् वृत्ति-२०६२
प्राप्त गर्नु हुने भिक्षुणी ज्ञाणवतीलाई
**हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछौ ।**


**सन्त देवी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नः ५३६९२५

**बुद्ध लक्ष्मी बज्राचार्य**
बगाले टोल, पोखरा
फोन नः ५२३५४८

**गणेश माया शाक्य**
मोहरिया टोल, पोखरा

**श्रीमाया श्रेष्ठ**
बगाले टोल, पोखरा
फोन नः ५२१३६१

**मीना कुमारी बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नः ५२०७२१

**उत्तर कुमारी पालिखे**
पालिखे चोक, पोखरा
फोन नः ५२२४६१, ५२३०२७

**चिनीमाया राजभण्डारी**
माटेपानी, पोखरा

**फूलु बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नः ५२२३२५

# विश्व शान्ति स्तूपले स्थानीय जनजीवनमा पारेका प्रभावहरु

*- प्रकाश बराल*
*सिर्जनशील युवा क्लब*

फेवातालको दक्षिणी शीरमा आज भन्दा करीब एक दशक पहिले स्थापित विश्व शान्ति स्तूप आज राष्ट्रिय क्षेत्रमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो विशिष्ट पहिचान राख्न सफल भएको छ। यसले राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा एशियाका ज्योति महान् गौतम बुद्धको शान्तिको आलोक त छरेको छ नै, यसका अतिरिक्त यहाँको स्थानीय जनजीवनलाई नयाँ रुप र आकार एवं पहिचान दिने युगान्तकारी प्रभावहरु पनि पारेको छ। यस संक्षिप्त आलेखमा विश्व शान्ति स्तूपले यहाँको स्थानीय जनजीवनमा पारेको ऐतिहासिक प्रभावलाई संक्षेपमा उल्लेख गरिएको छ।

कास्की जिल्लाको पुम्दी भुम्दी गाविस. वडा नं १ अनदु डाँडामा अवस्थित यस स्तूपले मुख्यतया वडा नं १ को जनजीवनमा उल्लेखनीय प्रभाव पारेको छ, अपितु सारा पुम्दी भुम्दी गाविसको गहना बनेर यसको सौन्दर्य बढाएको कुरालाई पनि भुल्न सकिदैन। यसले यहाँको जनजीवनमा पारेको प्रभावलाई निम्न बुँदा अन्तर्गत ब्याख्या गर्न सकिन्छ।

**१) साँस्कृतिक प्रभाव:-** विश्व शान्ति स्तूप हिन्दू र बौद्ध धर्मावलम्बीहरु बीचको धार्मिक सहिष्णुता परावर्तित गर्ने एक अनुपम र अद्वितीय नमूना बनेर रहेको छ। यस वरिपरिका अधिकांश बासिन्दाहरु धर्मका हिसाबले तथाकथित हिन्दू धर्मावलम्बीहरु भएपनि यस स्तूपको स्थापना पछि उनीहरु बौद्ध धर्मका शिक्षाहरु प्रति आकर्षित हुँदै गईरहेका देखिन्छन्। जसको परिणाम हो, यस स्तूपमा हुने हरेक बौद्ध धार्मिक क्रियाकलापमा उनीहरुको प्रत्यक्ष उपस्थिति सक्रिय सहयोग। तसर्थ यस क्षेत्रका वासिन्दाहरुमा बौद्ध धर्म र गौतम बुद्धको अमिट छाप परेको देखिन्छ।

**२) विकासमा पारेको प्रभाव (आर्थिक प्रभाव):-** यदि यस क्षेत्रमा विश्व शान्ति स्तूपको स्थापना नहुँदो हो त यस क्षेत्र पनि पुम्दी भुम्दी गाविस. का अन्य वडाहरु सरह भौतिक विकासमा अलि पछि नै पर्ने थियो होला। तसर्थ विश्व शान्ति स्तूप एउटा आशिषको रुपमा यस क्षेत्रमा रहेको छ।

विश्व शान्ति स्तूपको स्थापना पछि यसै संस्थासँग सम्बद्ध व्यक्तिहरु र स्थानीयवासीको पहलमा सिद्धार्थ राजमार्गको कालीमाटी भन्ने ठाउँबाट शान्ति स्तूपको नजिकै रहेको दहरा सम्म करीब ३ किलोमिटर कच्ची मोटरबाटोको निर्माण भएको छ। सो बाटोको मर्मत सम्भारमा पनि स्तूपसँग सम्बद्ध व्यक्तित्वहरुले उल्लेखनीय सहयोग प्रदान गर्दै आउनु भएको छ। सो बाटोको निर्माण पछि गाउँको विकासले नयाँ पोल्टा फेरेको छ। यो क्षेत्रमा बन्ने भौतिक संरचना, मालसामान, पर्यटक आदिको आगमनमा यो बाटो आशिर्वाद सिद्ध भएको छ।

विश्व शान्ति स्तूपको स्थापना पछि यस क्षेत्रमा आउने पर्यटकहरुको संख्या पनि उल्लेखनीय रुपमा वृद्धि भएको छ। विशेष गरी आन्तरिक पर्यटकको आगमन त विश्व शान्ति स्तूपको स्थापना पछि मात्रै भएको हो भन्दा पनि हुन्छ। विदेशी पर्यटकहरुको संख्या पनि उल्लेख्य रुपमा बढेको छ। यसले इसाई (क्रिश्चियन) धर्म भित्रको बौद्ध धर्मलाई खोतलेको छ। किनकी विदेशी पर्यटकहरु विश्व शान्ति स्तूपमा पोखरा र अन्य हिमाली दृश्यको अवलोकन मात्रै गर्दैनन्, बुद्धप्रति अगाढ श्रद्धा गर्दै आर्थिक सहयोग पनि गर्छन। तसर्थ यस प्रकारको सहिष्णुताले अफगानिस्तानमा बुद्धको शालिक ढलाउने इश्लाम चरम पन्थीहरुलाई गतिलो झापड दिएको छ। अहिले यस क्षेत्रको नाम नेपालका हरेक जिज्ञासु र सामान्य ज्ञान प्रति चासो राख्ने व्यक्तिहरुका मन मस्तिष्कमा घुस्न सफल भएको छ।

पर्यटकको आगमनमा वृद्धि भएपछि यहाँ साना-ठूला होटल ब्यवसाय, पसलहरु पनि फस्टाउँदै गइरहेका छन्। फेवातालको किनारदेखि माथि र सिद्धार्थ राजमार्गमाथि यस आसपासका वासिन्दाहरु सानो तिनो

होटल पसल व्यवसाय गरेर पनि आफ्नो जीविकोपार्जन गर्न सक्ने भएका छन् । यस भेगका केही युवाहरुले विदेशी पर्यटकहरुलाई पथ प्रदर्शन गरेर पनि आफ्नो जीविका धानेका छन् ।

बाटो घाटोको कुरा गर्दा अनदु देखि र छोरेपाटन देखि विश्व शान्ति स्तूप सम्म सुगम पैदल बाटोको निर्माणले यहाँका स्थानीय बासिन्दालाई धेरै राहत प्रदान गरेको छ ।

यस क्षेत्रका केही वेरोजगारलाई विश्व शान्ति स्तूपले रोजगारी प्रदान गरेर धेरै ठूलो गुण लगाएको छ।

**३) पहिचान दिलाउनमा खेलेको भूमिकाः-** विश्व शान्ति स्तूपको स्थापनापछि यस क्षेत्रका वासिन्दा मुलुकको जुनसुकै कुनामा गए पनि पहिचान दिलाउने गतिलो आधार भएको छ ।

**४) विश्व जनसँग घुलमिलः-** विश्व शान्ति स्तूपको स्थापना भन्दा अधि यस क्षेत्रका जनता विश्वका नागरिक र उनीहरुको आचरण, आकृति आदिसँग दूर थिए । तर अहिले उनीहरु विश्वका विभिन्न देश र ती देशका नागरिकका विविध पक्षवारे केही रुपमा विज्ञ भएका छन् ।

**५) मनोरञ्जन स्थलः-** बाहिरबाट आएका मानिसहरुका लागि मात्र होइन, यहाँका स्थानीयवासीका लागि समेत विश्व शान्ति स्तूप मनोरञ्जन गर्ने, मन बहलाउने र शयर गर्ने महत्वपूर्ण स्थल भएको छ । स्थानीयवासीहरु थकान, पीडा, चिन्ता आदिबाट मुक्ति पाउन विश्व शान्ति स्तूप जान्छन् ।

६) विश्व शान्ति स्तूपको स्थापनाले यहाँका जनताहरु जापानी सँस्कृतिप्रति आंशिक रुपमा भएपनि परिचित भएका छन् । यहाँ बेलाबेलामा जापानी नृत्यहरु, गीतहरु आदि प्रस्तुत हुँदै आउनुले त्यस्तो भएको हो । साथै स्थानीयवासीहरुमा भगवान गौतम बुद्ध, बुद्धधर्म र बौद्ध दर्शनका विविध आयामहरु वारे आंशिक रुपमा भएपनि ज्ञान प्राप्त भएको छ । स्थानीयवासीहरु यहाँको विभिन्न मूर्तिहरु र गुम्बाको दृश्यावलोकनबाट वास्तुकलाका नयाँ आविष्कारसँग पनि परिचित हुँदै गएका छन् ।

**७) बिबिध प्रभावः-** विश्व शान्ति स्तूपले अन्य बिविध प्रभावहरु पनि यस क्षेत्रका बासिन्दाहरुमा छाडेको छ । यस स्तूपको निर्माण सम्पन्न गर्न करिब एक दशकको समयावधि लाग्यो । यसको निर्माण हुँदा कामदार, ठेकेदार सबै यसै क्षेत्रका थिए । यहाँ काम पाए पछि उनीहरुको आर्थिक स्थितिमा उल्लेख्य प्रगति भएको छ । उनीहरुमा निहित श्रम शक्ति र कलाको प्रयोग गर्ने ठाउँ पनि विश्व शान्ति स्तूपले प्रदान गरिदियो । तसर्थ स्थानीय वासी आफैले निर्माण कार्य सम्पन्न गरेकाले विश्व शान्ति स्तूप प्रति उनीहरुको अगाध माया छ । किनकी आफ्नो सिर्जनाको माया त हरेकलाई भईहाल्छ ।

विश्व शान्ति स्तूपको स्थापना पछि यस क्षेत्रको जमीनको भाउ पनि उल्लेख्य रुपमा बढ्यो । यहाँका जनताहरुले बाहिरी धनाढ्यहरुलाई आफ्नो जमीन बिक्रि गरेर आफ्नो चोला फेर्न सफल भएका छन् ।

माथि विश्व शान्ति स्तूपले स्थानीय जनजीवनमा पारेका सकारात्मक प्रभावहरुलाई संक्षेपमा उल्लेख गरियो । यस स्तूपले यहाँका स्थानीय बासिन्दाहरुमा नकारात्मक असर पारेको छँदै छैन भन्दा पनि हुन्छ । तर दुर्भाग्य र बिडम्बना नै मान्नु पर्छ, विश्व शान्ति स्तूप आउने केही पर्यटकहरु यसै सँग जोडिएको रानीवनमा लुटिदै आइरहेका छन् । यो विश्व शान्ति स्तूप र यस क्षेत्रको ऐतिहासिक सौन्दर्यमा कलङ्क बनेर देखा परेको छ । त्यसैले कसरी त्यस प्रकारका तुच्छ नियतले गरिने पर्यटक लुटपाटका घटनाहरु नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा स्थानीयवासी र विश्व शान्ति स्तूपसँग सम्बद्ध व्यक्तित्वहरु बसेर छलफल र सहकार्य गर्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

**निष्कर्षः-** विश्व शान्ति स्तूपको प्रभाव यहाँका स्थानीय बासिन्दाहरुको जनजीवनमा प्रत्यक्ष र उल्लेख्य किसिमले परेको छ । यस क्षेत्रको भौतिक र साँस्कृतिक विकासको पनि ठूलो हात छ । आउँदा दिनहरुमा विश्व शान्ति स्तूप र यहाँका स्थानीय बासिन्दा बीचको सम्बन्धको गाँठो अझ गाढा र दरिलो बनाउनका लागि दुबै पक्षका प्रतिनिधि बीच छलफल र सहकार्यको टड्कारो आवश्यकता देखिएको छ ।

***(पुम्दी भुम्दी गाविस स्थित अन्तर क्लब प्रतियोगितामा प्रथम भएको निबन्ध)***

# हे बुद्ध, तिमी कति शुद्ध

- रामलाल बाटाजू

अबको परमार्थ तिम्रो तिम्रो परमार्थ
अबको संवृति तिम्रो संवृति
हे गुरु, हे बुद्ध
हे रत्न श्री हे महारत्नश्री
कति प्रेम दिइरहेको
अविछिन्न पाइरहेको अहिले
नसिद्धिने यो वर्तमान
अइएको यो क्षण, शब्द नभएको क्षण
आशीर्वाद आइरहेको, आइरहेको
यो शितल अभिषेक
अभिषेक शिरको केन्द्रबाट
अमृतै अमृत भरिरहेको छ
मुखमा, आँखामा, कानमा कानमा
नाक, नाकमा, निधारमा
सर्वाङ्ग, सर्वाङ्गमा
पवित्र पवित्र भइरहेको छ।
अबको शान्ति अद्वय शान्ति
यहाँ विकल्पहरु बिहानको तारा भइसकेको छ
निर्विकल्प, निर्विकल्प भइरहेछ
प्रतिक्षण घटि रहेछ
हे बुद्ध ! तिम्रो प्रेम कति शुद्ध
करुणाको अगाडि करुणा
पछाडिको करुणामा करुणा
मध्य मध्यमा करुणा
जहाँ जहाँ शून्य त्यहाँ भरिपूर्ण
"क" पूर्ण "अ" पूर्ण "ए" पूर्ण "जेड" पूर्ण
हे गुरु, तिमी कति गौरव
हे बुद्ध ! तिमी पूर्ण शुद्ध।

धर्मशीला बुद्ध बिहारका संस्थापिका

श्रध्देय अनागारिका धर्मशीला गुरुमाको १९ औं पुण्य तिथिमा

गुरुमाप्रति हार्दिक श्रध्दा सुमन अर्पण गर्दछौं ।

**तथा गुरुमाको नाममा स्थापित**

**धर्मशीला विद्वत् वृत्ति-२०६२ प्राप्त गर्नुहुने भिक्षुणी ञाणवतीलाई**

हार्दिक शुभकामना व्यक्त गर्दछौ र उहाँको उत्तरोत्तर उन्नति र

प्रगतिका लागि मंगलमय कामना गर्दछौं ।

**लक्ष्मी बुद्धाचार्य**
पृथ्वीचोक, पोखरा
**फोन नः ५२०५६३**

**बीमा गुरुङ**
गौतम बुद्ध मार्ग, पोखरा
**फोन नः ५३०७१२**

**कृष्ण कुमारी ताम्राकार**
ज्ञानमार्ग, नदीपुर- पोखरा
**फोन नः ५३३५४८**

**थमन बज्राचार्य**
नदीपुर, पोखरा
**फोन नः ५२७१३९**

**राज्यश्री स्थापित**
नदीपुर, पोखरा
**फोन नः ५२११०८**

**सरीता गुभाजू**
मोहरिया टोल, पोखरा
**फोन नः ५२२४३४**

**अनिता बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५२०३९५**

**मोहन माया बज्राचार्य**
मोहरिया टोल, पोखरा
**फोन नः ५३९५३२**

# The Glory of Pokhara

# The World peace Pagoda

The World Peace Pagoda of Pokhara regarded as a symbol of peace and prosperity is believed to extend peace thoroughly since its inception till now. Despite of its location at top of the dense woods, many tourists and visitors are addicted to it because of its delectated views and feelings of eternal peace and tranquility that it spreads all over.

It is situated on the apex of Anadu Min Thumki of Pumdi Bhumdi VDC, that is at the edge of Phewa Lake and at the height of 1100m from the sea level. Pokhara valley, densely covered forest, gorges, white snowy mountains and Phewa Lake, the second largest lake in Nepal is seen from its pinnacle. Besides that, the scenic and mind blowing mountains as Dhaulagiri, Machhapuchhere (Fishtail) and Annapurna seems so close as if they are personally whispering some words to us. Because of which it is even regarded as one of the mostly visited and renowned tourist area of Pokhara.

The existence of this symbolic peace on this beautiful place Pokhara adds fragrance to the beauty of city as well. It occupies 21.5 Ropanies of land with a 115 ft. tall pagoda within its territory. Its bottom diameter is 344 ft. Exposition of icon and different symbolic statues of Lord Buddha maintains weight and dignity of Pagoda. The Eastern and front side of Pagoda is occupied by Buddha's wheel of Dhamma from Japan and the Western side by meditative image of Buddha from Sri Lanka. Similarly, the Northern side of pagoda has 6 ft. long Mahaparinirvan metal statue of Buddha from Thailand and in the same manner the metal statue of Siddhartha from Nepal is placed on the Southern territory. Wheel of Dhamma (Dharma Chakra) is kept at the top of the Pagoda and upon the Wheel of Dhamma, 13 storied and 20 ft. high gold polished crest from Nepal, which is the symbol of Triodamsabhumi is hugged. Crystal Stone from Sri Lanka which is regarded as the symbol of kindness and prosperity in Buddhism is kept above the crest.

Traditionally, use of the Relics of Buddha (Asthi Dhatu of Buddha) on the course of constructing important Chaityas and Stupas displays the livelihood (existence)

of Buddha and huge value. Thus, the most rare, unusual and pious Relics (Asthi Dhatu) which is presented by the respected Sanghraraja Somedch of Thailand is marked on the crest and that is why this Pagoda carries huge religious importance too.

The preacher Nichidatsu Fuji, the chairman of Nipponazan Myohoji of Japan visited the birth place of Lord Buddha on the way of constructing monasteries. After his effort to construct world peace monastery in Lumbini and then at Shewchatar in Kathmandu, for the third time he tried here in Pokhara. He talked to Anagarika Dharmashila Guruma and then to Ex minister Min Bahadur Gurung in Pokhara. In the year 2030, they began constructing World Peace Pagoda but it was ruptured (demolished) by Pokhara Nagar Yojana Office in 2031 because of its height of 35 ft. The Second National Buddhist Seminar which was held in Pokhara at the year 2044 concluded that there is the necessity to build World Peace Pagoda and therefore at the meantime 11 member National Level Committee was formed under the leadership of Bhikshhu Sudarshan Mahasthabir to work on the reconstruction of Pagoda. After the restoration of democracy in 2050, Jestha 7 the then Prime Minister Mr. Girija Prasad Koirala laid the foundation stone for the reconstruction, and was completed without any barrier.

This is the first ever made Shanti Stupa of Nepal and it proudly stands as the symbol of peace, tolerance and religious harmony in Nepal. The prayer hall named after Nipponzan Myohoji is placed inside the stupa area. Along with this for the purpose of providing rest to the Bhikshhus and pilgrimage, the Pagoda has two storied guesthouse and Vihar too.

For the proper welfare, regulation and preservation of the World Peace Pagoda a trust and Working Committee has been established. The working committee manages the security and looks after its proper regulation. Honorary Patron in chief would be the running Prime Minister of Nepal. The running Prime Minister of Nepal would be the Honorary Patron in chief of this institution.

The representative of Dharma Shila Buddha Vihar of Pokhara is the coordinator of helping committee and the members are Nipponzan Myohoji Chief of Japan, Family member of donor Min Bahadur Gurung, the representative of Akhil Nepal Bhikkchhu Mahasangh of Nepal, representative of Dharmodaya Sabha of Nepal, representative of Lumbini Development Fund and Hidieo

Moriyoka Sony of Nipponzan Myohoji, who has contributed from the beginning until the accomplishment of Stupa.

The working committee has constitutionally formed, Nichidatsu Fuji the Honorable Guru of Nipponzan Myohoji, Anagarika, Dharmashila. Guruma and the former minister as well as the donor Min Bahadur Gurung as the Founder Members of the Pagoda. Similarly, the President of District Development Committee of Kaski, Mayor of Pokhara Sub metropolitan City, Mayor of Lekhnath Nagar Palika, the Chairperson of Pumdhi Bhumdi VDC and the Chairperson of Ward No. I of same VDC has been elected constitutionally by the working committee to represent as Honorable Members.

Though the World Peace Pagoda (Bishwoshanti Stupa) identified and regarded as the symbol of peace, religious harmony, tranquility and a place that has huge importance among us seems to be neglected. So, come let's put our hands together and march forward and at least try what we can do for it, then only we can prove our birth as human beings. We request all the concerned people for a single touch.

# समवेदना

अनिच्चावत संखारा

जन्म १९९७/५/२३



देहावसान २०६२/७/२२

**सन्तुदेवी रंजित**

पोखरा रानीपौवा- ११ का मेरी दिदीकी छोरी स्नेही सन्तुदेवी रंजितको कार्तिक २२ गतेका दिन असामयिक देहावसान भएकोमा मलाई गहिरो चोट परेको छ। म यस शोकको घडीमा शोक सन्तप्त रंजित परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र दिवंगत छोरी सन्तुदेवी रंजितको निर्वाण लाभको लागि हार्दिक कामना गर्दछु।

*अनागारिका कर्मशीला*

धर्मशीला बुद्ध बिहार, नदीपुर, पोखरा

# विश्व शान्ति स्तूपमा पूजा सम्पन्न

पोखरा / अनदु डाँडामा अवस्थित विश्व शान्ति स्तूपमा शान्तिको कामना गर्दै कार्तिक १२ गते सातौं वार्षिक पूजा समारोह संपन्न भयो। समारोहको शुरुमा जापानी भिक्षुहरुबाट त्यहाँको परंपरा अनुसार र लामाहरुले महायानी परंपरा अनुसार तथा भिक्षुहरुले थेरवादी परंपरा अनुसार बुद्ध पूजा गर्नु भएको थियो।

समारोहमा प्रमुख अथितिको आसनबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्री बुद्धिराज बज्राचार्यले बुद्ध धर्ममा प्राणी मात्रमा दया, करुणा र मैत्री भाव भएकाले यो शान्तिको धर्म भनेर प्रख्यात भएको उल्लेख गर्नु भयो। उहाँले भगवान बुद्धलाई शान्तिका अग्रदूतका रुपमा विश्वले मान्नु हामी सबैका लागि गौरवको विषय हो भन्नु भयो।

मंत्री बज्राचार्यले भैरहवामा गौतमबुद्ध विमानस्थलको विस्तार गर्ने काम प्रारम्भ भएको उल्लेख गर्दै त्यहाँ क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएपछि लुम्बिनीमा धार्मिक पर्यटकहरुको संख्या बढ्ने र त्यसबाट विदेशी मुद्राको आर्जन बढ्नेछ भन्नुभयो। वहाँले लुम्बिनीमा प्रस्तावित विश्व शान्ति नगरको निर्माणमा सबैको सहयोग अपेक्षित भएको कुरा पनि उल्लेख गर्नु भयो। त्यस्तै पोखरामा निर्माण हुने अन्तर्राष्ट्रिय क्षेत्रिय विमानस्थलले पोखरामा र यस विश्व शान्ति स्तूपमा आउने पर्यटकहरुको संख्या उल्लेखनिय किसिमले बढ्ने छ भन्नुभयो।

लोकसेवा आयोगका अध्यक्ष तीर्थमान शाक्यले विश्व शान्ति स्तूप सम्म आउने बाटो सुगम हुनुपर्ने बताउँदै त्यो बाटो स्थानीय स्तरबाट पनि पूरागर्न संभव भएकाले स्थानीय निकायलाई सहयोग गर्न उहाँले आग्रह गर्नु भयो। उहाँले यहाँ वैकल्पिक सुगम बाटो भएको भए त्यसैबेला यहाँ राजाको सवारी संभव हुने विचार पनि व्यक्त गर्नुभयो।

निप्पोनजान म्योहोजीका बरिष्ठ भिक्षु योसिदाले बुद्ध शिक्षाको राम्ररी अनुशीलन गरियो भने नेपालमा शान्ति स्थापना हुन सक्ने विचार व्यक्त गर्नु भयो। उहाँले बुद्ध शिक्षा र सिद्धान्तले सुरक्षित देशको जन्म हुन्छ भन्दै मनलाई पवित्र पारी बौद्ध नियमको पालना गर्न आग्रह गर्नु भयो।

निप्पोनजान म्योहोजीका अर्का भिक्षु हिडिओ मोरियोकाले विश्व शान्ति स्तूपको संरक्षण र सम्बर्द्धनमा स्थानीय सहभागीताको खाँचो भएको औंल्याउँदै स्थानीय वासीले चासो राख्नु पर्ने अवस्था आएको बताउनु भयो।

अखिल नेपाल भिक्षु महासंघका प्रतिनिधि भिक्षु आनन्दले सरकार र राजनीतिक पार्टीहरुले आफ्नो एजेण्डामा बुद्ध शिक्षालाई समावेश गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले हिंसाको कारण आज पृथ्वीकै इको सिष्टम प्रभावित भएको उल्लेख गर्दै सबैले शान्ति महशुस गर्न सक्ने वातावरणको निर्माण गरिनु पर्दछ भन्नु भयो।

धर्मोदय सभाका महासचिव सुचित्रमान शाक्यले बुद्धधर्म र अन्य धर्मको विभेदको चर्चा गर्दै अरु धर्म माने पुग्छ भने बुद्धधर्म जान्नु पर्ने र बुझ्नु पर्ने धर्म हो भन्नुभयो।

पश्चिमाञ्चल क्षेत्रका क्षेत्रीय प्रशासक क्षेत्र विक्रम शाहले जुन कुरा गर्दा आत्म सन्तोष र मानव कल्याण हुन्छ, त्यही नै धर्म हो भन्नुभयो। समारोहमा कास्की जिल्ला विकास समितिका सभापति रेशमबहादुर भट्टराईले बुद्धधर्म को महत्व माथि प्रकाश पार्नु भएको थियो।

विश्व शान्ति स्तूप समितिका कार्यवाहक सभापति भिक्षु श्रद्धानन्दको सभापतितत्वमा भएको पूजा समारोहमा स्वागत भाषण सह सचिव कृष्णमान गुभाजूले गर्नु भएको थियो भने सभाको सञ्चालन उपासक उत्तममान बुद्धाचार्यले गर्नु भएको थियो।

समारोहमा अन्तर क्लब निबन्ध प्रतियोगिताका विजयीहरुलाई र छात्रवृत्ति प्राप्त विद्यार्थीहरुले देखाएको प्रतिभा र चित्रकला प्रतियोगिताका विजयी विद्यार्थीहरुलाई मन्त्री बज्राचार्यले नगद पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो।

# भियतनाम बौद्ध मन्दिरको उद्घाटन र शान्ति पदयात्रा

लुम्बिनी / लामो समय देखि प्रतिक्षा गरिरहेको लुम्बिनी स्थित भियतनाम बौद्ध मन्दिरको आगामी पुस २ गते एक विशेष समारोहका वीच उद्घाटन हुने भएको छ । सो मन्दिरको उद्घाटनको उपलक्ष्यमा एउटा विशेष शान्ति पदयात्राको आयोजना गरिएको छ । पदयात्रा काठमाण्डौं उपत्यका देखि पोखरा भएर २४ दिन लगाएर लुम्बिनी पुग्ने कार्यक्रम छ ।

भियतनाम बौद्ध मन्दिरले प्रकाशित गरेको शान्ति पदयात्राको विवरण अनुसार शान्ति पदयात्रा कार्तिक २५ गते बनेपाको नमो बुद्धबाट प्रारम्भ गरिएको छ । नमोबुद्ध त्यो ठाउँ हो जहाँ भगवान बुद्धको पूर्वजन्ममा उहाँले भोकाएका सुत्केरी बघिनीलाई आफ्नो शरीरको मासु खुवाएर उपकार र उद्धार गर्नु भएको थियो । त्यसैबेला देखि नमोबुद्ध अत्यन्त पवित्र स्थलका रुपमा चर्चित र उल्लेखनीय रहिआएको छ । यस्तो पवित्र स्थलबाट शान्ति पदयात्रा प्रारम्भ हुनु आफैमा महत्वपूर्ण कुरा हो ।

कार्यक्रम अनुसार शान्ति पदयात्रामा दश जना भियतनामी र २० जना नेपाली र अन्य हिन्दू, मुस्लिम, जैन, क्याथोलिक लगायतका धर्मावलम्बीहरु रहेका छन् । नमो बुद्धबाट शान्ति पदयात्रा सुरुभई कार्तिक २५ गते बनेपामा २६ गते पाटन, २७ गते स्वयंभू पुग्ने समाचार छ । २८ गते स्वयंभू बाट बलम्बु, २९ गते नौबिसे, मंसिर १ मा बैरेनी, २ मा रिचुकटार, ३ गते फिसलिङ्ग, ४ गते आँबुखैरेनी, ५ गते डुम्रे, ६ गते दमौली, ७ गते धुलिगन्ध र ८ गते पोखरा आइपुग्ने कार्यक्रम छ । ८ गते पोखरा बजार परिक्रमा गरी ९ गते विश्व शान्ति स्तूपमा आराम गर्ने निर्धारित कार्यक्रम छ ।

१० गते फेदीखोला, ११ मा श्याङ्गजा, १२ वालिङ्ग, १३ गल्याङ्ग, १४ आर्यभञ्ज्याङ्ग, १५ तानसेन, १६ केरावारी १७ बुटवल, १८ भैरहवा र १९ गते शान्ति पदयात्रा लुम्बिनी पुगेर समाप्त हुनेछ ।

यस्तो पदयात्रा ४ वर्ष पहिले जापानको निप्पोनजान म्योहोजीद्वारा लुम्बिनीमा निर्मित विश्व शान्ति स्तूपको उद्‌घाटनको बेला गरिएको थियो । त्यसबेला ललितपुर बाट शान्ति पदयात्रा पोखरा भएर लुम्बिनी पुगेको थियो । त्यो पदयात्रा ज्यादै चर्चित र महत्वपूर्ण मानिएको थियो ।

आयोजक संस्थाले बास बस्ने ठाउँमा भोजन प्रायोजन गर्ने व्यक्ति एवं संस्थालाई स्वागत गर्ने जनाएको समाचार छ ।

# नेपाल संवत ११२६ को उपलक्ष्यमा बिबिध कार्यक्रम

पोखरा / नेवा खल कास्कीद्वारा नेपाल संवत ११२६ नयाँ वर्षको उपलक्ष्यमा यहाँ विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाएको समाचार छ । यो वर्ष नेपाल संवतको ११२५ पूरा भै ११२६ प्ररम्भ भएको छ । यो संवत् समाजोपयोगी अद्वितीय काम गरेका शंखधर साख्वाको स्मृतिमा तथा नेपाल देशकै नामबाट राखिएको संवत हो । नेपाल राष्ट्र कै नामबाट राखिएको संवत् भएकोले यसलाई राष्ट्रिय मान्यता दिनु पर्दछ भनेर नेवा समुदायले माग गर्दै आएको छ ।

कार्तिक १६ गते नयाँ वर्षको उपलक्ष्यमा नेवा खल कास्कीको आयोजनामा शान्ति पदयात्रा र मोटर साइकल र्‍याली गरिएको थियो । र्‍याली भीमसेन टोल स्थित नेवा छेँ बाट शुरु भै तेर्सापट्टी, महेन्द्रपुल, नयाँबजार, पृथ्वीचोक, सिर्जनाचोक हुँदै सिमलचौरमा पुगेर सभामा परिणत भएको थियो । मोटर साइकल र्‍यालीले भने पूरै बजार परिक्रमा गरेको थियो ।

सभामा प्रमुख अतिथि भूतपूर्व राज्यमंत्री कृष्ण गोपाल श्रेष्ठले शंखधर साख्वाको योगदानको वारेमा चर्चा गर्दै नेपाल संवत्‌लाई सरकारी मान्यता हुनुपर्ने कुरामा जोड दिनु भयो । उहाँले शंखधर साख्वा राष्ट्रिय विभूति घोषित भएको परिप्रेक्ष्यमा उहाँको नाममा केही न केही बनाउनु पर्ने सल्लाह पनि दिनु भयो ।

नेवा खल कास्कीका सभापति प्रकाशमान पालिखे

ले नयाँ वर्षको महत्व र ऱ्यालीका सम्बन्धमा प्रकाश पार्नु भएको थियो भने ऱ्याली मूल्यांकन समितिका तीर्थ श्रेष्ठले अबको कार्यक्रममा अन्य जाति जातिलाई पनि समावेश गर्नु पर्ने बताउनु भयो ।

नेवा खल सिमलचौर कचाका राजेन्द्र बिजुक्छेको सभापतित्वमा भएको कार्यक्रममा सुशील गोशली, वीरेन्द्र बिजुक्छे लगायतका वक्ताहरुले बोल्नु भएको थियो ।

त्यस्तै नयाँ वर्षको उपलक्ष्यमा कार्तिक १५ गते नेवा खल कचा रामबजारको आयोजनामा रक्तदान कार्यक्र संपन्न भयो । सो कार्यक्रममा २३ जना पुरुष र तीन जना महिला गरी २६ जनाले रगतदान गर्नु भएको थियो । रगतदान कार्यक्रम सोही कचाका भगवान राजभण्डारीको सभापतित्वमा भएको थियो भने कार्यक्रमको शुभारम्भ नेवा खलका सभापति प्रकाशमान पालिखेले गर्नु भएको थियो ।

नयाँ वर्षको उपलक्ष्यमा तथा नेवा खल मोहरिया कचाको छैटौं वार्षिक उत्सवको उपलक्ष्यमा टोलबाट एस.एल.सी. परीक्षा पास गरेका विद्यार्थीहरुलाई एउटा सम्मान कार्यक्रम राखेको थियो । टोलका दशजना विद्यार्थीहरु सो कार्यक्रममा सम्मानित भएका थिए । ती दश मध्य सर्वोकृष्ट भएका शाश्वत बज्राचार्य र छात्राहरु मध्येबाट विनीता बज्राचार्य लाई विशेष सम्मान गरिएको थियो ।

नेवा खल मोहरिया कचाका अध्यक्ष कृष्णमान गुभाजूको सभापतित्वमा भएको समारोहमा प्रमुख अतिथि हेमबहादुर प्रधान, नेवा खल कास्कीका उपाध्यक्ष अशोक पालिखे, पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजू, वागवजार कचाका अध्यक्ष तीर्थ श्रेष्ठ, झिगु भाय झिगु संस्कृतिका अध्यक्ष कृष्ण बहादुर श्रेष्ठले आ-आफ्नो विचार व्यक्त गर्दै शुभकामना व्यक्त गर्नु भएको थियो ।

## धर्मशीला विद्वत वृत्ति भिक्षुणी ञाणवतीलाई

पोखरा / यहाँ स्थापित धर्मशीला विद्वत वृत्ति आगामी वर्षका लागि ललितपुरका भिक्षुणी ञाणवतीलाई दिने निर्णय गरिएको छ । उक्त निर्णय धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समितिको केही दिन पहिले भएको बैठकले गरेको हो । धर्मशीला विद्वत वृत्ति पाउने उहाँ चौथो व्यक्ति हुनुहुन्छ ।

यस अघि यो विद्वत वृत्ति भिक्षुणी सुजातालाई प्रदान गरिएको थियो । विद्वत वृत्ति बुद्धधर्मको अध्ययन, अनुसन्धान र अन्वेषणका लागि प्रदान गरिन्छ । विद्वत वृत्तिप्राप्त गर्ने व्यक्तिले व्यवस्थापन समितिले आयोजना गरेको प्रवचन, धर्म देशना र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्ने प्रबधान राखिएको छ । अनागारिका धर्मशीलाको स्मृतिमा अनागारिका कर्मशीलाले स्थापना गर्नु भएको यो विद्वत वृत्ति पहिलो पटक भिक्षु कोण्डन्य र दोस्रो पटक भिक्षु सुशीललाई प्रदान गरिएको थियो ।

सो विद्वत वृत्ति कार्तिक २७ गते धर्मशीला बुद्ध बिहार प्राङ्गणमा एक समारोहको आयोजना गरी भिक्षुणी ञाणवतीलाई प्रदान गरिने छ ।

## निबन्ध, चित्रकला तथा प्रतिभा प्रतियोगिता

पोखरा / विश्व शान्ति स्तूप समितिद्वारा आफ्नो सातौं वार्षिक पूजाको उपलक्ष्यमा पुम्दी भुम्दी गाविस अन्तर क्लब निबन्ध प्रतियोगिता तथा समितिद्वारा छात्रवृत्ति प्रदान गरिएका छात्रछात्राहरु बीच चित्रकला तथा प्रतिभा प्रतियोगिताको आयोजना गरियो । सो प्रतियोगिता युवा बौद्ध संघको व्यवस्थापनमा संपन्न भएको थियो ।

अन्तर क्लब निबन्ध प्रतियोगितामा सिर्जनशील युवा क्लबका प्रकाश बराल प्रथम, कोदी शान्ति युवा क्लबका जीवनाथ बराल द्वितीय र तल्लोदीप युवा क्लबका प्रेम भुजेल तृतीय भएका थिए भने सविता बराललाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो ।

छात्रवृत्ति प्राप्त छात्रछात्राहरु बीच भएको चित्रकला प्रतियोगितामा महेन्द्र निमाविका छात्रा कविता सुनार प्रथम, लिला निमाविका सुमन ढकाल द्वितीय र युवा ज्योति प्राविका धनबहादुर नेपाली तृतीय घोषित भएका थिए भने अनदु प्राविका रबिन गुरुङ्गलाई सान्त्वना

पुरस्कार प्रदान गरियो ।

त्यस्तै प्रतिभा प्रतियोगितामा महेन्द्र उच्च मावि, नयाँबजारका पूजा राना प्रथम, लिला निमाविका कुसुम खत्री द्वितीय तथा ज्ञानभूमि प्राविका लक्ष्मी परियार तृतीय भएका थिए । युवा ज्योति प्राविका धनबहादुर नेपालीलाई सान्त्वना पुरस्कार प्रदान गरियो ।

विजयी प्रतियोगिहरुलाई विश्व शान्ति स्तुपको सातौं वार्षिक पूजा समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मंत्री बुद्धिराज बज्राचार्यले नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

## महिला बौद्ध संघको निर्वाचन

बाग्लुङ / यहाँको ज्ञानोदयबुद्ध बिहार स्थित महिला बौद्ध संघको हालै बसेको आठौं साधारण सभाले संघको निर्वाचन सम्पन्न गरेको छ । निर्वाचनमा विद्यालक्ष्मी शाक्य अध्यक्ष पदमा निर्वाचित हुनु भएको छ । कार्य समितिको उपाध्यक्षमा शुसीला शाक्य, सचिव लक्ष्मी शाक्य, कोषाध्यक्ष शशीकला शाक्य र सह सचिव हिमाली बज्राचार्य छानिनु भएको छ ।

कार्य समितिका सदस्यहरुमा निवर्तमान अध्यक्ष रत्नादेवी बज्राचार्य, परमेश्वरी शाक्य, इन्दिरा शाक्य, तिलकुमारी राना मगर, दिव्यश्वरी शाक्य, चमेली शाक्य, उमा शाक्य र महालक्ष्मी शाक्य हुनुहुन्छ ।

महिला बौद्ध संघको सल्लाहकारमा बिहारका अध्यक्ष मुकुन्द शाक्य, भूतपूर्व अध्यक्ष श्रीलक्ष्मी शाक्य, शाक्य कल्याण समाजका अध्यक्ष इश्वरलाल बज्राचार्य र युवा बौद्ध संघका अध्यक्ष राजीव श्रेष्ठ हुनुहुन्छ ।

## धर्मोदय सभा कास्कीको साधारण सभा

पोखरा/ धर्मोदय सभा कास्की शाखाको १९ औं साधारण सभा मुख अष्टमीका दिन कार्तिक २३ गते धर्मशीला बुद्ध बिहारमा संपन्न भयो । साधारण सभामा वक्ताहरुले बौद्ध संघ संस्थाहरु सक्रिय हुनुपर्ने र धर्मोदय सभाले सबैलाई घच्घच्याउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

साधारण सभामा प्रमुख अतिथिको आसनबाट भिक्षु श्रद्धानन्दले धर्मोदय सभाको गौरवमय इतिहासको उल्लेख गर्दै राणाकालमा भिक्षुहरुलाई देश निकाला गर्दा धर्मोदय सभाले भिक्षुहरुलाई फिर्ता गराउन ठूलो प्रयास गरेको स्मरण गर्नु भयो । उहाँले यस्तो महत्वपूर्ण संस्थालाई सँधै सक्रिय पारि राख्नु पर्नेमा जोड दिनु भयो ।

पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले हामीले ठूल्ठूला कुरा गर्नु भन्दा साना साना कुरा गरेर त्यसलाई व्यवहारमा उतार्ने प्रयास गर्नु पर्ने बिचार व्यक्त गर्नु भयो ।

धर्मोदय सभा कास्की शाखाका भूतपूर्व अध्यक्ष बिलबहादुर गुरुङ्गले धर्मोदय सभाले बौद्धहरुको विभिन्न सम्प्रदायलाई एक ठाउँमा ल्याएर बौद्ध एकता कायम गर्न गराउन ठूलो भूमिका खेलेको छ भन्नु भयो ।

धर्म संघ बुद्ध बिहार स्थित सद्धर्म सभाका अध्यक्ष कुलामान बुद्धाचार्यले यसको सक्रियतामा अरु संघ संस्था पनि प्रभावित हुने वताउनु भयो भने बौद्ध उपासिका संघका सभापति चन्द्र लक्ष्मी गुभाजूले धर्मो दय सभाले बेला मौकामा ऐतिहासिक महत्वका काम गरेर बौद्धहरुको प्रतिष्ठा बढाएको छ भन्नु भयो ।

शाखाका अध्यक्ष डा गेहेन्द्र मान उदासको सभापतित्वमा भएको साधारण सभामा कोषाध्यक्ष पुष्कर मान बुद्धाचार्यले स्वागत भाषण गर्नु भएको थियो भने सभाको सञ्चालन सचिव कृष्णमान गुभाजूले गर्नु भएको थियो ।

## राष्ट्रिय शैक्षिक मेलामा सहभागीता

पोखरा/ पोखरामा कार्तिक २४ गते शुरु भै २८ गते सम्म संचालन हुने राष्ट्रिय शैक्षिक मेलामा धर्मशीला बुद्ध बिहार स्थित युवा बौद्ध संघ र बौद्ध अर्घौ सदनले बौद्ध पुस्तकहरु तथा अन्य बौद्ध कृयाकलाप झल्कने फोटोहरु प्रदर्शित गरी मेलामा सहभागीता जनाएको छ ।

राष्ट्रियस्तरको यो मेला पोखराको शैक्षिक इतिहासमा ठूलो महत्व मानिन्छ ।

का.जि.द.नं. ३३/०५३/०५४ - हु.द.नं. : ०१/०५८/०५९

# मंत्री बज्राचार्यको स्वागत

पोखरा/धर्मशीला बुद्ध बिहार पोखराद्वारा कार्तिक ११ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डन मंत्री बुद्धिराज बज्राचार्यको सम्मानमा स्वागत कार्यक्रमको आयोजना गरियो ।

स्वागत कार्यक्रममा मंत्री बज्राचार्यले बिहारमा आएर विचार आदान प्रदान गर्न पाएकोमा खुशी व्यक्त गर्दै आफूले ललितपूरमा बुद्ध बिहारको लागत राख्नेदेखि जीर्णोद्धार गर्ने कामहरु गरेको जानकारी दिनुभयो । उहाँले ललितपूरमा भएका बिहारको श्रेणी र संख्या समेत उल्लेख गरी तिनीहरुको स्थिति सुदृढ भएको बताउनु भयो ।

स्वागत कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघ बाट आउनु भएका भिक्षु आनन्दले बुद्ध धर्मको प्रचार-प्रसारमा धेरै काम गर्न बाँकी भएको बताउनु भयो भने भिक्षु श्रद्धानन्दले स्वागत भाषण गर्दै मंत्री बज्राचार्यबाट धर्म र संस्कृतिको प्रवर्धनमा ठूलो सघाउ पुग्ने अपेक्षा रहेको बताउनु भयो ।

त्यसपछि मंत्री बज्राचार्य मोहरिया टोल स्थित धर्मसंघ बुद्ध बिहार जानु भई बिहार अवलोकन गर्नुभयो । बिहारमा वहाँलाई सद्धर्म सभाका सभापति कुलामान बुद्धाचार्यले हार्दिक स्वागत अभिवादन गरी रचनात्मक मंत्री पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

मंत्रीज्यूले स्वागत कार्यक्रम आयोजना गरेकोमा सम्वन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## समवेदना

अनिच्चावत संखारा



जन्म १९८० चैत्र — देहावसान २०६२ कार्तिक ७

**नेत्रबहादुर खत्री क्षेत्री**

हाम्रा प्रातः स्मरणीय पूज्य पिताज्यू नेत्रबहादुर खत्री ज्यूको यही कार्तिक ७ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्त शोकाकुल छौं । हामी पाँच छोरा र पाँच छोरीलाई छाडेर जानु भएको पूज्य पिताज्यूको आत्माको चिरशान्तिको कामना गर्दछौं र निर्वाण लाभका लागि भगवान्संग प्रार्थना गर्दछौं ।

साथै हाम्रो यस शोकको घडीमा हामीलाई समवेदना दिने छिमेकी आफन्तजन लगायत संपूर्ण महानुभावहरु प्रति हामी आभार व्यक्त गरी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

कृष्ण बहादुर खत्री क्षेत्री — रिपबहादुर खत्री क्षेत्री

रण बहादुर गौतम — भरत बहादुर खत्री क्षेत्री (गौतम)

बाबुराम खत्री क्षेत्री, भलाम गाविस-७